# कक्षा ७ मा शब्दार्थ शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन


लक्ष्मी चौलागाई

परीक्षा क्रमाङ्क : २१४०१०४/२०६९/०७०

त्रि.वि.द.नं. : ९-२-२७८-६७८-२००३

शैक्षिक वर्ष : २०६९/०७०


त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको नेपा. शि. (५९८) पाठ्यांशको प्रयोजनार्थ प्रस्तुत

**शोधपत्र**


सुकुना बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षण विभाग

कोसीहरैँचा, मोरङ


२०७४/२०१८

# प्रतिबद्धता

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह द्वितीय  वर्षको नेपा.शि.५९८ को प्रयोजनका लागि प्रस्तुत ‘कक्षा ७ मा शब्दार्थ शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन’ शीर्षकको शोधपत्र प्रतिवेदन अर्को प्रयोजनको लागि कहीँ कतै पेश नगरेको र अनुसन्धान कार्य अत्यन्त मौलिक रहेको प्रतिबद्धता व्यक्त गर्दछु ।

लक्ष्मी चौलागाई
एम.एड. दोस्रो वर्ष
नेपाली भाषा शिक्षा विभाग

मिति :२०७४/०१/२५

## शोध निर्देशकको सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह द्वितीय वर्षको नेपा शि. ५९८ को प्रयोजनका लागि प्रस्तुत 'कक्षा ७ मा शब्दार्थ शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' शीर्षकको शोधपत्र प्रतिवेदन लक्ष्मी चौलागाईले मेरो निर्देशनको मातहतमा रही मिहिनेतका साथ सिर्जनात्मक तथा नितान्त मौलिक रूपमा तयार पार्नु भएकोले यस शोध कार्यप्रति म सन्तुष्ट छु । अतः यस शोधकार्य मूल्याङ्कनका लागि नेपाली भाषा शिक्षा विभाग समक्ष सिफारिस गर्दछु ।

......................

दीपक गौतम

(उप प्राध्यापक)

शोध निर्देशक

सुकुना बहुमुखी क्याम्पस

नेपाली भाषा शिक्षा विभाग

कोशीहरैँचा, मोरङ

मिति :२०७४।०४.....

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह द्वितीय वर्षको पाठ्यांश नेपा.शि. ५९८ को प्रयोजनार्थ प्रस्तुत गरिएको शोध कार्यमा मोरङ जिल्लाका विभिन्न विद्यालयहरूमा नेपाली भाषा शिक्षण अन्तर्गत शब्दार्थ शिक्षण गर्दा प्रयोग गरिने शिक्षण विधिहरूको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययन श्रद्धेय शोध निर्देशक दिपक गौतम ज्यूको कुशल निर्देशनमा तयार पारिएको हो । आफ्ना विभिन्न कार्य व्यस्तता र समस्याहरूलाई एकातिर पन्छाएर मेरो शोधकार्यप्रति समय दिई उहाँले गर्नुभएको सहयोगको लागि हार्दिक आभार प्रकट गर्दछु । साथै आफ्ना व्यावहारिक कार्यलाई बेवास्ता गर्दै कुशल र समुचित निर्देशन प्रदान गर्नुभएकोमा आदारणीय गुरू ज्यूप्रति पनि हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

शोधकार्य शीर्षक चयन र सामग्री निर्माणको क्रममा सहयोग गर्नुहुने क्याम्पसका सहायक क्याम्पस प्रमुख प्रेमप्रसाद भट्टराई तथा नेपाली भाषा शिक्षा विभाग प्रमुख अमृतप्रसाद आचार्य प्रति कृतज्ञता प्रकट गर्दछु । शोधकार्य लेखनका क्रममा सामग्री र छात्र छात्राहरूको सहभागिता जुटाउन सहयोग पुर्‍याइदिनु हुने सम्बन्धित विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूप्रति पनि कृतज्ञता ज्ञापन गर्दछु । अन्त्यमा शोधकार्य तयार गर्ने क्रममा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सम्पूर्ण शुभचिन्तकहरूलाई समेत हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

शोधार्थी

.......................

लक्ष्मी चौलागाई
नेपाली भाषा शिक्षा विभाग
शिक्षा शास्त्र सङ्काय
सुकुना बहुमुखी क्याम्पस
कोशीहरैँचा, मोरङ

# शोधसार


प्रस्तुत शोधपत्रको शीर्षक 'कक्षा ७ मा शब्दार्थ शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' रहेको छ। त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा नेपा.शि.५९८ को प्रयोजनका लागि शोधपत्र तयार पारिएको छ। शब्दार्थ शिक्षणमा प्रयोग गर्न सकिने विधिहरूको पहिचान गर्नु, शिक्षकले कक्षामा शब्दार्थ शिक्षण गर्दा प्रयोग गर्ने विधिहरू पहिचान गर्नु, शिक्षकहरूद्वारा शब्दार्थ शिक्षणका सिद्धान्तअनुसार निर्माण गरिएका व्यावहारिक पक्षको विश्लेषण गर्नु, सामुदायिक विद्यालय र निजी विद्यालयका शिक्षकहरूले शब्दार्थ शिक्षण गर्दा  प्रयोग गर्ने शिक्षण विधिहरूको पहिचान गर्नु शोधकार्यको उद्देश्य रहेकोछ।

यस शोधकार्यमा मोरङ जिल्लाका सरकारी ३ र निजी ३ गरी जम्मा ६ वटा विद्यालयमा अध्यापन गर्ने जम्मा ६ जना नेपाली भाषा शिक्षकहरूको कक्षा अवलोकन विधिमा सीमित रहेको छ। यसको कार्यक्षेत्र मोरङ जिल्लाका विभिन्न विद्यालयहरू मध्येबाट नमुना विद्यालयका रूपमा ३ वटा सरकारी र ३ वटा निजी विद्यालयहरूमा शिक्षण गर्ने भाषा शिक्षकहरूलाई नै यस शोधकार्यको प्रतिनिधि जनसङ्ख्या तोकिएको छ। अनुसन्धान कार्यको साधनहरूका रूपमा शिक्षक अवलोकन फारम र प्रश्नावली फारम तयार पारी कक्षामा प्रयोग गरिएको छ।

यस अध्ययनको प्राथमिक स्रोत पाठ्यपुस्तकका साथै मोरङ जिल्लामा रहेका प्रतिनिधि विद्यालयहरू र ती विद्यालयहरूमा अध्यापन गर्ने शिक्षकहरू रहेका छन् साथै द्वितीय स्रोत अन्तर्गत पाठ्यपुस्तक, अप्रकाशित शोधपत्रहरू, प्रकाशित लेखहरू रहेका छन्। तथ्याङ्क सङ्कलनका लागि मोरङ जिल्लाका ३ सरकारी र ३ निजी विद्यालयहरूमा अध्यापन गर्ने शिक्षकहरूलाई प्रश्नावली फारम भर्न लगाउनुका साथै शिक्षकले अध्यापन गर्ने कक्षाकोठामा बसेर अवलोकन फारम भरी सो फारमहरू सङ्कलन गर्ने कार्य गरिएको छ।

यस अनुसन्धान कार्यका लागि सर्वप्रथम शोध निर्देशकज्यूको सल्लाह र सुझावमा कक्षा अवलोकन फारम र प्रश्नावली फारम निर्माण गरिएको छ। सो कार्य पूरा गर्न शोध निर्देशक ज्यूबाट यथेष्ठ सहयोग पाइएका साथै वहाँको निगरानीमा रहेर अनुसन्धान कार्य गर्दा बेला-बेलामा आइपरेका समस्याहरू सहज तरिकाले पूरा गर्न सकेको महसुस गरियो। अनुसन्धान गर्न तोकिएका मोरङ जिल्लका प्रतिनिधि विद्यालयहरूमा आफ्नो अनुसन्धान कार्यको थालनी गर्ने सन्दर्भमा विद्यालयहरूका प्रधानाध्यापकसँग परामर्श गरी भाषा शिक्षकहरूसँगको सम्पर्क पश्चात प्राय सबै विद्यालयका प्रधानाध्यापक तथा भाषा शिक्षकहरूबाट अनुसन्धान कार्यका लागि आवश्यक सहयोग गर्ने आश्वासन पाइयो। सोही क्रममा सो कार्यका लागि समय निर्धारण गर्ने, प्रश्नावली फारम भर्ने, कक्षा अवलोकनका लागि कक्षाको वातावरण सहज बनाइदिने, त्यसैगरी शोकार्यका लागि सामग्रीहरू जुटाइदिने जस्ता हरेक कार्यमा विद्यालयका प्रधानाध्यापक तथा भाषा शिक्षकहरूबाट सहयोग पाइयो ।

नेपाली भाषा शिक्षकहरूले शब्दार्थ शिक्षण गर्दा अपनाउने गरेका शिक्षण विधिहरूको अध्यापन पश्चात प्राप्त निष्कर्षको आधारमा उनीहरूले शब्दार्थ शिषणलाई पनि अन्य पाठ शिक्षण जस्तै महत्त्वका साथ शिक्षण गर्नुपर्ने, सम्पूर्ण विधिहरूको प्रयोग गर्नुपर्ने, विधिहरूको प्रयोग सिद्धान्तमा मात्र सीमित नराखी व्यवहारमा उतार्नुपर्ने, सैद्धान्तिक र व्यावहारिक पक्षबीचको अन्तरलाई हटाउनुपर्ने, तालिमबाट प्राप्त ज्ञानलाई व्यावहारिक प्रयोगमा ल्याउनुपर्ने, शिक्षण विद्यार्थी केन्द्रित बनाउनुपर्ने, शिक्षण सामग्रीको प्रयोग गर्नुपर्ने, भाषिक सीपलाई महत्त्व दिँदै शब्दार्थ शिक्षण गर्नुपर्ने, शब्दकोशको प्रयोग गरी शब्दार्थ शिक्षण गर्नुपर्ने कुरा सुझावका रूपमा प्रस्तुत गरिएको छ ।

# विषय सूची

*प्रतिवद्धता*
*सिफारिस पत्र*
*स्वीकृति पत्र*
*शोधसार*
*कृतज्ञता*

## परिच्छेद एक : शब्दार्थ शिक्षणको सैद्धान्तिक पृष्ठभूमि

| | पृष्ठ |
|---|---|
| १.१ शब्दार्थ शिक्षणको परिचय | १ |
| १.२ समस्या कथन | ३ |
| १.३ शोधकार्यको उद्देश्य /अध्ययनको उद्देश्य | ४ |
| १.४ अनुसन्धनात्मक प्रश्नहरू/परिकल्पना | ५ |
| १.५ शब्दार्थ शिक्षणको महत्त्व | ५ |
| १.५.१ शब्दको कोशीय र सन्दर्भपरक अर्थ | ७ |
| १.५.२ अर्थ सम्बन्धहरू | ८ |
| १.५.३ शब्दार्थ शिक्षण गर्दा प्रयोगका विधिहरू | १७ |
| १.६ अध्ययनको सीमाहरू | २२ |

## परिच्छेद दुई : सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

| | |
|---|---|
| २.१ शब्दभण्डारको सैद्धान्तिक अध्ययन | २४ |
| २.२ सम्बन्धित साहित्यको पुनरवलोकन | २५ |
| २.३ पुनरवलोकनको उपादेयता | ३० |
| २.४ सैद्धान्तिक/अवधारणात्मक ढाँचा | ३२ |

## परिच्छेद तीन : अध्ययनको विधि र प्रक्रिया

| | |
|---|---|
| ३.१ अध्ययनको ढाँचा र विधि | ३३ |
| ३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति | ३३ |
| ३.३ अध्ययनको क्षेत्र | ३३ |
| ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका | ३४ |
| ३.५ तथ्याङ्क सङ्कलनका प्रक्रिया | ३४ |
| ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया | ३५ |

## परिच्छेद  चार : तथ्याङ्कको व्याख्या तथा विश्लेषण


| | |
|---|---|
| ४.१ तथ्याङ्क विश्लेषण प्रक्रिया | ३६ |
| ४.२ कक्षा अवलोकनका क्रममा प्राप्त नतिजा | ३८ |
| ४.२.१ कक्षा अवलोकनमा प्रयोग भएका विधिहरू | ३९ |
| ४.२.२ निर्णय गर्न नसकिएका विधिहरू | ४० |
| ४.२.३ प्रयोग नभएका विधिहरू | ४० |
| ४.३ सामुदायिक विद्यालयमा प्रयोग गरिएका शब्दार्थ शिक्षण विधि | ४१ |
| ४.३.१ कक्षा अवलोकनमा प्रयोग भएका विधिहरू | ४२ |
| ४.३.२ कक्षा अवलोकनमा निर्णय गर्न नसकिएका विधिहरू | ४३ |
| ४.३.३ कक्षा अवलोकनमा प्रयोग नभएका विधिहरू | ४३ |
| ४.४ शब्दार्थ शिक्षणमा निजी विद्यालयको अवस्था | ४४ |
| ४.४.१ कक्षा अवलोकनमा प्रयोग भएका विधिहरू | ४५ |
| ४.४.२ कक्षा अवलोकनमा निर्णय गर्न नसकिएका विधिहरू | ४६ |
| ४.४.३ कक्षा अवलोकनमा प्रयोग नभएका विधिहरू | ४६ |
| ४.५ प्रश्नोत्तर तथा अन्तर्वार्ताको नतिजा | ४७ |
| ४.५.१ प्रश्नोत्तर तथा अन्तर्वार्तामा प्रयोग भएका विधिहरू | ४८ |
| ४.५.२ निर्णय गर्न नसकिएका विधिहरू | ४९ |
| ४.६ निजी विद्यालयका मात्र शिक्षक शिक्षिकाहरूको प्रतिक्रिया | ४९ |
| ४.६.१ प्रयोग भएका विधिहरू | ५० |
| ४.६.२ शब्दार्थ शिक्षणमा निर्णय गर्न नसकिएका विधिहरू | ५१ |
| ४.७ सामुदायिक विद्यालयका शिक्षक शिक्षिकाहरूको प्रतिक्रिया | ५२ |
| ४.७.१ शब्दार्थ शिक्षणमा प्रयोग भएका विधिहरू | ५३ |
| ४.७.२ शब्दार्थ शिक्षणमा निर्णय गर्न नसकिएका विधिहरू | ५३ |
| ४.८ शिक्षण विधिहरूको वास्तविक प्रयोगको अवस्था | ५४ |
| ४.८.१ शब्दार्थ शिक्षणमा प्रयोग गरिएका विधिहरू | ५६ |
| ४.८.२ शब्दार्थ शिक्षणमा निर्णय गर्न नसकिएका विधिहरू | ५६ |
| ४.८.३ शब्दार्थ शिक्षणमा प्रयोग नभएका विधिहरू | ५७ |

## परिच्छेद  पाँच : निष्कर्ष तथा सुझावहरू

५.१ निष्कर्ष ५८

५.२ सुझावहरू ६१

५.३ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू ६१

सन्दर्भग्रन्थ सूची

परिशिष्ट (क)

प्रश्नावली फारमको नमुना

# परिच्छेद एक

# शब्दार्थ शिक्षणको सैद्धान्तिक पृष्ठभूमि

भाषामा संसारका कुनै पनि विषयवस्तु तथा घटना, भाव आदिको अर्थ बोक्ने शब्दहरू हुने गर्दछन् । ती शब्दहरूले बहन गर्न सही अर्थको ज्ञानविना भाषिक दृष्टिकोणले कोही पनि सक्षम हुन सक्तैन । त्यसैले कुनै पनि भाषाका शब्दहरू प्रदान गर्ने अभिधात्मक, लक्षणार्थक तथा व्यञ्जनार्थक अर्थसँग परिचित र प्रयोगार्थ सक्षम बनाउने कार्यलाई शब्दार्थ शिक्षण भन्ने बुझिन्छ । अत : हरेक विषयवस्तुलाई शैक्षणिक हिसाबले हेर्ने दृष्टिकोण त्यस विषयवस्तुको शिक्षणमा विकसित मान्यता, सिद्धान्त, पद्धति र परम्पराहरू स्थापित भएका हुन्छन् र शब्दार्थ शिक्षणमा पनि उल्लिखित पक्षहरूको जानकारी महत्त्वपूर्ण मानिन्छ । यसै वस्तुतथ्यलाई आत्मसात गर्दै शब्दार्थ शिक्षणसँग सम्बन्धित सिद्धान्त, पद्धति, परम्परा र प्रयोगहरू जस्ता अवधारणागत र सैद्धान्तिक पक्षलाई शब्दार्थ शिक्षणका सैद्धान्तिक पृष्ठभूमि शीर्षकभित्र समेट्ने प्रयास गरिएको छ ।

## १.१ शब्दार्थ शिक्षणको परिचय

भाषा अभिव्यक्ति र विचार विनिमयको साधन हो । भाषाले विचार तथा अभिव्यक्ति क्षमता त्यतिबेला प्राप्त गर्दछ, जब भाषिक संरचनाहरू आर्थी दृष्टिकोणले व्यवस्थित हुन्छन् । अर्थात् अर्थयुक्त शब्दहरूको उचित संयोजनले भाषालाई पूर्ण बनाउँछ । वाक्यमा प्रयोग भएको शब्दद्वारा अर्थ वा विचार प्रसारित हुने हुँदा शब्दार्थ शिक्षण भाषा शिक्षणको महत्त्वपूर्ण पक्ष हुन आउँछ । भाषाको बोध (सुनाइ र पढाइ) र अभिव्यक्ति (बोलाइ र लेखाइ) दुवै पक्षमा शब्द र यसको प्रयोगको ठूलो स्थान रहन्छ । उल्लिखित भाषिक सीपहरूमा सक्षम हुन शब्दहरूको सही ढङ्गले बुझ्नु र तिनलाई सन्दर्भपूर्ण र युक्तिसङ्गत ढङ्गले प्रयोग गर्ने क्षमता अत्यावश्यक हुन्छ । बालकहरूको शब्दको अर्थ र यसको उपयुक्त प्रयोग गर्न जान्नु भनेको उनीहरूको धारणा एवम् संज्ञानको विकासका लागि महत्त्वपूर्ण खुट्किलो हो । यसरी हेर्दा शब्दार्थ भनेको बोध तथा अभिव्यक्ति क्षमताको विकास कार्य हो । शब्दार्थ शिक्षणको भाषाको शब्दहरूको उपयुक्त सन्दर्भ अनुरूप युक्तिसङ्गत प्रयोग गर्ने क्षमताको विकास गर्नु शब्दभण्डार विकास हो भन्ने सैद्धान्तिक अवधारणाको रूपमा व्यवस्था गर्न सकिने तथ्य नेपाली भाषाविद्हरूद्वारा अभिव्यक्त विचारबाट प्रस्ट हुन्छ ।

कुनै पनि भाषाका शब्दको अर्थ त्यस भाषाको प्रयोग परम्परा र खास संरचनाभित्र एक-अर्को शब्दको नियमित साहचर्यसँग सम्बन्धित रहन्छ । अतः कुनै शब्दको अर्थ जान्नु भनेको त्यसको प्रयोगगत साहचर्य वा सम्बद्धता थाहा पाउनु हो । शब्दको अर्थ जान्नका लागि शब्दकोश सहायक मानिए पनि त्यसको वास्तविक र सन्दर्भगत अर्थका लागि यसले आंशिक मद्दत गर्न सक्छ । कारण शब्दको शाब्दिक अर्थ मात्र नभई त्यसमा भाषिकेतर तथा सन्दर्भगत अर्थ पनि सम्बद्ध रहन्छ (अधिकारी, २०५९:९८) ।

शब्दार्थ शिक्षणको अभिप्राय आधारभूत शब्दावलीमा विद्यार्थीहरूलाई आत्मनिर्भर गराई शब्दका प्रशस्त विकल्पहरूको छनोट गरी खास प्रकरण वा सन्दर्भमा आवश्यक हुने शब्द प्रयोग क्षमता वा कुशलताको अभिवृद्धि गर्नु हो । यसैका साथै पहिचानात्मक र उत्पादनात्मक शब्दभण्डार क्षमता वृद्धि गर्नु र कोशीय एवम् सन्दर्भपरक तथा संरचनात्मक शाब्दिक क्षमता अभिवृद्धि गरी तिनको कुशल प्रयोग गरेर भाषाका ग्रहण र अभिव्यक्ति सीपलाई प्रभावकारी बनाउनु पनि शब्दार्थ शिक्षणको महत्त्वपूर्ण पक्ष हो (शर्मा र पौडेल, २०६८:२०३) ।

उपर्युक्त तथ्यहरूबाट के स्पष्ट हुन्छ भने शब्दार्थ शिक्षण भाषिक क्षमता अभिवृद्धिको लागि अति नै आवश्यक पक्ष हो । कुनै पनि भाषाका शब्द तिनको संरचना, प्रयोग परम्परा, शब्दअर्थको शिक्षण, शब्दवर्गको पहिचान, प्रसङ्गत भूमिकाका बारेमा प्रशिक्षित गराउनु भाषा शिक्षणको प्रक्रियागत परम्पराको रूपमा हेर्नुपर्ने देखिन्छ । भाषा शिक्षणलाई शब्दार्थ शिक्षण मार्फत भाषाका शब्दहरूका संरचनागत अर्थ, कोशीय अर्थ, उखान टुक्काको सन्दर्भ प्रयोग, अभिधात्मक अर्थ, लक्षणात्मक तथा व्यञ्जनात्मक अर्थका साथसाथै प्रकरणात्मक दृष्टिले पनि शब्दका ग्रहण गराउने उद्देश्यले विकसित शब्दार्थ शिक्षणसँग सम्बन्धित शिक्षण विधिहरू, कार्यकलापहरू मूल्याङ्कन प्रक्रियाको उपयुक्त छनोट र प्रयोग शब्दार्थ शिक्षण कार्य विधिका रूपमा ग्रहण गर्नुपर्ने देखिन्छ ।

अतः शब्दार्थ शिक्षण भाषा शिक्षणकै अङ्ग हो । शब्दार्थ शिक्षणका निश्चित लक्ष्यहरू हुन्छन् र शब्दार्थ शिक्षणका निमित्त निश्चित कार्यक्रमहरू, मूल्याङ्कन प्रक्रियाहरू पनि विकसित भएका छन् । तसर्थ उपरोक्त सैद्धान्तिक अवधारणाको ज्ञान र त्यसको व्यावहारिक प्रयोग

क्षमता मार्फत् शब्दार्थ  शिक्षण हुनु पर्दछ भन्ने शब्दार्थ शिक्षणको सैद्धान्तिक दृष्टिकोण रहेको पाइन्छ ।

## १.२ समस्या कथन

भाषा सामाजिक सम्पर्क र व्यवहारको प्रभावशाली माध्यम हो । भाषा समाज सापेक्ष हुन्छ । व्यक्ति व्यक्तिबीचको व्यवहार सञ्चालन भाषाका माध्यमले सम्पन्न भएकोले विचार विनिमयको साधन पनि हो । राज्यमा माध्यम वा सम्पर्क स्थापित गर्ने मान्यता पाएको भाषा नै त्यो देशको राष्ट्रभाषा हुन्छ । वि.सं. २०१० को दशकदेखि नै नेपाली भाषाले अनिवार्य विषय र शिक्षाको माध्यमका रूपमा मान्यता प्राप्त गरेको हो । शिक्षा ऐन २०२८ (छैठौँ संशोधन २०५५ सहित) ले पनि अन्य भाषाका विषयबाहेक विद्यालय तहको शिक्षाको माध्यम नेपाली भाषालाई प्रदान गरेको छ । नेपाल अधिराज्यको संविधानको निर्माण पनि नेपाली भाषामै भएको छ । नेपाल अधिराज्यको संविधान २०४७ भाग १ को धारा ६ अन्तर्गत उपधारा १ मा "देवनागरी लिपिमा नेपाली भाषा नेपालको राष्ट्र भाषा हुनेछ" भनेर प्रस्ट रूपमा उल्लेख गरिएको छ । नेपाली भाषाले विदेशमा वैधानिकता प्राप्त गर्नुले यो भाषा शिक्षणको अझ महत्त्व बढ्न गएको छ । २० अगस्त १९९२ का दिन नेपाली भाषालाई भारतीय संविधानले राष्ट्रिय भाषाको मान्यता दिनुले नेपाली भाषा अब अन्तर्राष्ट्रिय भाषाको तहमा अनिवार्य विषयको रूपमा र क्याम्पस तहमा अनिवार्य र ऐच्छिक गरी २ किसिमले अध्ययन गरिन्छ । त्यसैगरी रेडियो, टेलिभिजन, पत्रपत्रिका, इमेल, इन्टरनेट तथा सूचना सञ्चारका माध्यमहरू समेत नेपाली भाषाकै प्रयोग गरिन्छ ।

यसरी कुनै भाषा जान्न त्यस भाषामा निहित शब्दहरूको अर्थको जानकारी हुनु अति आवश्यक छ । शब्दहरूको अर्थ बुझ्न वा जान्नका लागि शब्दार्थ शिक्षण गरिन्छ । शब्दार्थ शिक्षण शब्दले अभिव्यक्ति गरिने शिक्षण हो । "कुनै पनि भाषाको शब्दको अर्थ त्यस भाषाको प्रयोग परम्परा र खास संरचनाभित्र एक अर्को शब्दको नियमित साहचर्यसँग सम्बन्धित रहन्छ । अतः कुनै शब्दको अर्थ जान्नु भनेको त्यसको प्रयोगगत प्राकरणिक साहचर्य वा सम्बद्धता थाहा पाउनु हो" (अधिकारी, २०५९:९८) ।

त्यसैले विद्यार्थीको भाषिक क्षमता अभिवृद्धि गर्नका लागि उनीहरूको तहअनुसार भाषिक क्षमता अभिवृद्धि गर्नका लागि उनीहरूको तह, स्तरअनुसार शब्दार्थ शिक्षण प्रभावकारी

रूपमा गराउन अत्यन्त उपयोगी हुन्छ । त्यसैले हाम्रा विद्यालयहरूमा शब्दार्थ शिक्षण गर्नका लागि अपनाइएका कार्यकलापहरूको बारेमा यो अध्ययन गरिएको छ । यो अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छ ।

क) शब्दार्थ शिक्षणमा कस्ता विधिहरूको प्रयोग गर्न सकिन्छ ?

ख) शिक्षकले कक्षामा शब्दार्थ शिक्षण गर्दा कुन-कुन विधिको प्रयोग गर्दछन् ?

ग) शिक्षकहरूद्वारा शब्दार्थ शिक्षणका सिद्धान्तलाई कसरी व्यवहारमा प्रयोग गरिएका छन् ?

घ) सामुदायिक र निजी विद्यालयका शिक्षकहरूद्वारा शब्दार्थ शिक्षणमा कुन-कुन शिक्षण विधिहरूको प्रयोग गरिन्छ ?

## १.३ शोधकार्यको उद्देश्य /अध्ययनको उद्देश्य

कुनै पनि कार्य सफल र प्रभावकारी बनाउनका लागि निश्चित लक्ष्य र उद्देश्यहरू हुन आवश्यक पर्दछ । बिना उद्देश्य कुनै पनि कार्य सफल हुन सक्दैन । शोधपत्रमा प्रस्तावित अध्ययन चाहिँ कुन कुन उद्देश्य राखेर गर्न खोजिएको हो भन्ने कुरा महत्त्वपूर्ण हुन्छ । कुनै पनि अध्ययन गर्नुभन्दा पहिले त्यसको उद्देश्य किटान गर्नु पर्दछ । जुनसुकै अध्ययन अनुसन्धान पनि उद्देश्यअनुसार नै अगाडि बढेको हुन्छ र अनुसन्धान समस्यासँग प्रत्यक्ष रूपमा सम्बन्धित रहेको हुन्छ । प्रस्तुत शोधपत्रको अध्ययनको उद्देश्यलाई बुँदागत रूपमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) शब्दार्थ शिक्षणमा प्रयोग गर्न सकिने विधिहरूको पहिचान गर्नु,

ख) शिक्षकले कक्षामा शब्दार्थ शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण विधिहरू पहिचान गर्नु,

ग) शिक्षकहरूद्वारा शब्दार्थ शिक्षणका सिद्धान्तअनुसार निर्माण गरिएका व्यावहारिक पक्षको विश्लेषण गर्नु,

घ) सामुदायिक विद्यालय र निजी विद्यालयका शिक्षकहरूले शब्दार्थ शिक्षण गर्दा प्रयोग गर्ने शिक्षण विधिहरूको पहिचान गर्नु ।

## १.४ अनुसन्धनात्मक प्रश्नहरू/परिकल्पना

प्रस्तुत शोधकार्य निम्नलिखित समस्यामा आधारित रहेको छ :

क) शब्दार्थ शिक्षणमा प्रयोग गर्न सकिने विधिहरू कुन-कुन हुन् ?

ख) शिक्षकले कक्षामा शब्दार्थ शिक्षण गर्दा कुन-कुन शिक्षण विधिहरूको प्रयोग गर्छन् ?

ग) शिक्षकहरूद्वारा शब्दार्थ शिक्षणका सिद्धान्तअनुसार शब्दार्थ शिक्षण भएको छ कि छैन ?

घ) सामुदायिक विद्यालय र निजी विद्यालयका शिक्षकहरूले शब्दार्थ शिक्षण गर्दा कुन-कुन शिक्षण विधिहरूको प्रयोग गर्ने गरेका छन् ?

## १.५ शब्दार्थ शिक्षणको महत्त्व

शब्दार्थ शिक्षण भाषाका चार ओटै सीप विकासका लागि उपयोगमा ल्याउन सकिन्छ । शब्दको सही अर्थ र त्यसको प्रसङ्गअनुसारको अर्थ लगाई उपयोग हुने र बढीभन्दा बढी विकल्प खोजेर त्यसलाई प्रयोग गर्नु शब्दार्थ शिक्षणको खास उद्देश्य रहेको हुन्छ । शब्दार्थ शिक्षणको प्रभावकारी अभ्यास वा क्रियाकलापले प्रसङ्गअनुसार शब्दको अर्थ बुझी प्रयोग गर्ने अध्ययनका क्रममा फेला परेका नयाँ-नयाँ शब्दको अर्थपूर्ण ढङ्गले सन्दर्भअनुसार वाक्यमा प्रयोग गर्ने र शब्द भण्डारमा वृद्धि गर्ने तथा बोध र अभिव्यक्ति दुवैमा दक्ष बनाउन शब्दार्थ शिक्षणले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ (अधिकारी, २०६८:३८३) ।

भाषा शिक्षण सिकाइका सन्दर्भमा हरेक समयमा शब्दार्थको जानकारी आवश्यक हुन्छ । शिक्षण सिकाइका क्रममा हरेक समयमा नयाँ-नयाँ शब्दहरू प्रयोगमा आउँछन्, कतिपय शब्दहरू दोहोरिन्छन् । त्यति मात्र होइन एउटै शब्दले विभिन्न संरचनात्मक आकृति लिएर देखा पर्न सक्छ अनि त्यो प्रसङ्ग अनुसार बेग्लाबेग्लै अर्थ र अभिप्राय वहन गरेर समेत प्रयोगमा आउने सम्भावना हुन्छ । यिनै विभिन्न कारणहरूले गर्दा भाषा शिक्षणमा शब्दभण्डार क्षमताको यथेष्ट विकास गर्नु पर्ने खाँचो पर्छ । भाषालाई ग्रहण र अभिव्यक्तिगत दृष्टिले अर्थपूर्ण बनाउन, आशयपूर्ण बनाउन, प्रभावकारी बनाउन र सोही अनुरूप शब्दको उपयोग गर्ने सीप हासिल गराउन शब्दभण्डार क्षमताको वृद्धि गर्नु भाषा शिक्षणको अनिवार्य कार्य ठहरिन्छ (शर्मा र पौडेल, २०६८:१९८) ।

उपर्युक्त कुराहरूलाई ध्यानमा राखी कक्षा ७ को शब्दार्थ शिक्षणमा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययनसम्बन्धी तयार पारिएको यस शोधकार्यको महत्त्वलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

क) शब्दभण्डारको सही प्रयोगले भाषाको स्तरीयता कायम गरी सुनाइ, बोलाइ, पढाइ, लेखाइ जस्ता भाषिक सीप विकासमा सहयोग पुऱ्याउँछ ।

ख) शब्दार्थ शिक्षण विधिका सैद्धान्तिक र व्यावहारिक विषयको तालमेल हेर्न सकिन्छ ।

ग) शब्दार्थ शिक्षणको विषयमा यस कार्यले सम्बन्धित विषय शिक्षक, विद्यार्थी र विशेषज्ञको, लागि सानो भए पनि जानकारी दिनेछ ।

घ) शब्दार्थ शिक्षणमा अनुसन्धान गर्न चाहनेहरूलाई उत्प्रेरणासमेत दिन सक्छ ।

ङ) समभाषिक पृष्ठभूमिबाट आएका विद्यार्थीलाई भाषाका शिष्ट, स्तरीय र मानक स्वरूपको भाषिक व्यवहारसँग परिचित र प्रवृत्त तुल्याउन सकिन्छ ।

च) विषमभाषिक वातावरणबाट आएका विद्यार्थीलाई लक्ष्य भाषाका शब्दसँग परिचित र प्रवृत्त तुल्याउनका साथै समभाषिक विद्यार्थीको समकक्षमा ल्याई भाषिक व्यवहार क्रमशः स्तरीकरण गर्दै लैजान सकिन्छ ।

छ) भाषा सिक्ने विद्यार्थीले त्रुटि नगरी भाषा नसिक्ने हुँदा उनीहरूले प्राप्त गरेको त्रुटिपूर्ण वा स्तरहीन प्रयोगलाई परिमार्जन र परिष्कृत गर्न, शब्दका विविध प्रसङ्गमा देखापर्ने अर्थगत अन्तरसँग परिचित गराउन र त्यस्तो प्रयोगमा प्रवृत्त गराउन सकिन्छ ।

ज) शब्द तथा शाब्दिक एकाइको समष्टिगत अर्थसँग परिचित गराई त्यसलाई बोल्दा र लेख्दा उपयुक्त स्थान र सन्दर्भमा प्रयोग गर्न सक्ने क्षमताको विकास र विस्तार गर्न सकिन्छ ।

झ) अनौपचारिक वातावरणबाट प्राप्त शाब्दिक ज्ञानलाई औपचारिक वातावरणबाट परिष्कार गर्न शब्दार्थ शिक्षणको आवश्यकता पर्दछ ।

ञ) शब्दार्थ शिक्षणबाट विचार विनिमयलाई स्तरीय बनाई शब्दको वाक्यात्मक भूमिका पहिल्याउन, शब्दको प्रसङ्गपूर्ण प्रयोगमा अभ्यस्त बनाउन, विषयानुसार प्राविधिक र पारिभाषिक शब्दसँग परिचित गराउन, पर्यायवाची, विपरीतार्थी, समावेशी अर्थसँग परिचित गराउन, शब्दको रूपायनात्मक र व्युत्पादनात्मक स्वरूप छुट्याउन, व्यक्तिको व्यक्तित्व विकास गर्न, त्रुटिपूर्ण प्रयोगलाई सच्याउन, साहित्य सिर्जनाको पृष्ठभूमि तयार गर्न र शब्दभण्डारको विकास गर्न शब्दार्थ शिक्षण आवश्यक हुन्छ ।

### १.५.१ शब्दको कोशीय र सन्दर्भपरक अर्थ

कुनै पनि शब्द सधैँ एउटै अर्थमा मात्र प्रयोग हुने स्थिति रहँदैन । हुन त धेरैजसो शब्दले भाषाको अभिधार्थलाई मात्र देखाएका पनि देखिन्छन् तर तीमध्ये कतिपय शब्दले प्रसङ्गअनुसार अर्कै अर्थ पनि दिन सक्ने सम्भावना रहन्छ । कुनै पनि उच्चरित शब्दले परम्परागत वा यादृच्छिक अर्थलाई मात्र बोध गरायो भने त्यसलाई कोशीय अर्थ मान्न सकिन्छ । कुनै पनि शब्द अर्थपूर्ण हो, होइन या अर्थपूर्ण छ, छैन र छ भने अर्थसँग सम्बन्धित हुन्छ । यसका विपरीत उक्त शब्दले अभिधात्मक वा परम्परित अथवा यादृच्छिक अर्थ नदिएर भिन्न किसिमको विशिष्ट अर्थ दियो भने त्यसलाई सन्दर्भपरक अर्थ भन्ने गरिन्छ । भनाइको मतलब शब्दले विशिष्टता जनित लाक्षणिक, व्यञ्जनात्मक किसिमले सांस्कृतिक वा सामाजिक आदि सन्दर्भहरू समेटेर कोशीय अर्थभन्दा बेग्लै अर्थ सम्प्रेषित गऱ्यो भने त्यसैलाई सन्दर्भपरक अर्थ भन्न सकिन्छ । यस्तो विशिष्टता जनित सन्दर्भपरक अर्थ शब्द प्रयोगका विभिन्न प्रसङ्गहरूबाट बुझ्न र आँक्न सकिन्छ । यस बाहेक संरचनापरक अर्थ र त्यस संरचनापरक सन्दर्भबाट व्यक्त हुने अथवा बुझ्न सकिने प्रासङ्गिक अर्थलाई पनि सन्दर्भपरक अर्थ नै मान्न सकिन्छ । अतःकुनै खास शब्दको शाब्दिक वा अभिधात्मक अर्थलाई कोशीय अर्थ मानिन्छ भने त्यसका लाक्षणिक, व्यञ्जनात्मक एवम् अन्य विशिष्ट किसिमका अर्थलाई सन्दर्भपरक अर्थ मानिन्छ । शब्दको सन्दर्भपरक अर्थ प्रयोग, प्रसङ्ग र उच्चारणका आधारमा बुझ्न र छुट्याउन सकिन्छ । उच्चारणको अनुतान र आघात जस्ता प्रक्रियाका आधारमा शब्दका विशिष्ट आशय प्रकट हुन सक्छन्, साथै सोझो, घुमाउरो र विशिष्ट किसिमको प्रयोगबाट शब्दका विशिष्ट एवम लाक्षणिक अर्थहरू प्रस्ट हुन्छन् (शर्मा र पौडेल, २०६८:२०१) ।

'गधा' भन्ने शब्द पशु जगतको गधालाई नै सङ्केत गरेर प्रयुक्त भएको छ भने त्यसलाई अभिधात्मक अथवा कोशीय अर्थ भन्न सकिन्छ तर त्यस 'गधा' शब्दले कुनै मूर्ख मान्छेलाई सङ्केत गरेको छ भने त्यसलाई लाक्षणिक अथवा सन्दर्भपरक अर्थ मान्न सकिन्छ । त्यसैगरी कुनै अन्य अभिप्राय नराखी 'घाम अस्तायो' भनियो भने त्यसले सूर्यास्तको मात्र अर्थ नदिएर साँझ पऱ्यो, घर फर्कने बेला भयो, साँझको आरती गर्ने बेला भयो, बेलुकाको खाना खाने बेला भयो, गाईवस्तु फर्काउने बेला भयो, प्रेमी प्रेमिकाको प्रणय क्रीडा गर्ने बेला भयो आदि विभिन्न अर्थ व्यञ्जित हुन सक्ने स्थिति हुन्छ । यस्तो प्रकारको व्यञ्जनात्मक अर्थ सन्दर्भ

परक प्रयोग प्रसङ्ग र अभिप्रायबाट मात्रै बुझ्न सकिन्छ । यति मात्र होइन कहिलकाहीँ उच्चारणको अनुतान र आघातलाई समेत भिन्नाभिन्नै अर्थ सम्प्रेषित गर्न सक्ने सन्दर्भ मान्न सकिन्छ , जस्तै :

.................... गयौ । ............गयौ ? ............ गयौ !

उक्त उदाहरणमा पहिले 'गयौ' ले सामान्य र सोझो अर्थ दिएको छ, दोस्रोले आशङ्का देखाएको छ वा प्रश्न गरेको छ भने तेस्रोले आश्चर्य मानेको वा अचम्मित भएको भाव देखाएको छ ।

भाषा शिक्षणका क्रममा शब्दार्थ शिक्षण शब्दको कोशीय अर्थ शिक्षणसँग पनि सम्बन्धित हुन्छ । खास गरी प्रारम्भिक तहमा कोशीय अर्थ शिक्षणलाई बढी प्राथमिकता दिई त्यसपछि क्रमशः सन्दर्भपरक अर्थ शिक्षणतर्फ पनि ध्यान दिँदै जानु आवश्यक छ । कतिपय अनेकार्थी शब्दहरू प्रयोग सन्दर्भमा बेग्लाबेग्लै स्थितिमा बेग्लाबेग्लै अर्थ लिएर समेत आएका हुन्छन् । यसैले शब्दार्थ शिक्षणलाई कोशीय अर्थ शिक्षणमा मात्र सीमित नराखेर सन्दर्भपरक अर्थ र अभिप्रायका लागि पनि उत्तिकै महत्त्वका साथ अगाडि बढाउनु आवश्यक छ । शब्द प्रयोगका कोशीय र सन्दर्भपरक अर्थ सम्बन्धहरूसँग परिचित गराई आवश्यक अनुसार विद्यार्थीहरूमा अर्थ ग्रहण गर्न र अभिव्यक्ति गर्न सक्ने क्षमता दिलाउनु शब्दार्थ शिक्षणको मूल प्रयोजन पनि हो (शर्मा र पौडेल २०६८:२०२) ।

## १.५.२ अर्थ सम्बन्धहरू

भाषामा रूप, शब्द,पद, पदावली, उपवाक्य आदि विभिन्न तहका भाषिक एकाइरू हुन्छन् । तीमध्ये एउटा विभिन्न तहका भाषिक एकाइहरूबीच विभिन्न खालको अर्थसम्बन्ध पाइन्छ । यहाँ वक्ताद्वारा प्रयुक्त भाषिक उच्चारका निम्नलिखित अर्थसम्बन्ध बारे चर्चा गरिएको छ :

क) पर्यायवाची अर्थसम्बन्ध

ख) अनेकार्थी अर्थसम्बन्ध

ग) विपरीतार्थी अर्थसम्बन्ध

घ) समावेशी अर्थसम्बन्ध

ङ) असमावेशी अर्थसम्बन्ध

च) समध्वन्यात्मक अर्थसम्बन्ध

छ) समरूपात्मक अर्थसम्बन्ध

क) पर्यायवाची अर्थसम्बन्ध

समान आर्थी अभिलक्षणहरू भएका एकाधिक शब्दहरूका बीचको अर्थसम्बन्धलाई पर्यायवाची अर्थ सम्बन्ध भनिन्छ । यिनीहरू सबै चिन्हित हुनुपर्दछ; जस्तै :

| पिता | बुबा | जनक |
|---|---|---|
| +वंश | +वंश | +वंश |
| +पुस्ता | +पुस्ता | +पुस्ता |
| +पुरुष | +पुरुष | +पुरुष |

यहाँ 'पिता', 'बुबा', 'जनक' शब्दका आर्थी अभिलक्षणहरू समान छन् । त्यसैले यी शब्दहरूका बीच पर्यायवाची अर्थसम्बन्ध रहेको छ । यद्यपि यी शब्दहरूका बीच पूर्ण पर्यायवाचकता भने हुँदैन, किनभने यिनमा शैलीगत, स्रोतगत आदि भिन्नता रहेका छन् । यसरी हेर्दा कुनै पनि भाषामा पूर्ण पर्यायवाची शब्दहरू पाउन नसकिने हुन्छ । अतः यहाँ आंशिक पर्यायवाची अर्थसम्बन्धको चर्चा गरिएको छ (न्यौपाने र अन्य, २०६९:२०३) ।

i) आंशिक पर्यायवाचकता

एकाधिक शब्दका बीच सबै आर्थी एकाइ चिन्हित नभएर केही एकाइ मात्र चिन्हित हुन्छन् भने त्यसलाई आंशिक पर्यायवाचकता भनिन्छ ।

| नारी | अबला |
|---|---|
| +मानव | +मानव |
| +वयस्क | +वयस्क |
| -भाले | -भाले |
| +शक्ति | -शक्ति |

यहाँ 'नारी र 'अबला' शब्दका तीनवटा आर्थी अभिलक्षण समान छन् तर एउटा अभिलक्षण भिन्न  छ । अतः यी दुई शब्दका बीच आंशिक पर्यायवाचकता रहेको देखिन्छ । यस्ता केही आंशिक पर्यायवाची सम्बन्ध भएका शब्दहरू निम्नानुसार छन् ।

नरेश राजा

साम्राज्ञी रानी

बिदा छुट्टी आदि ।

आंशिक पर्यायवाचकताका पनि शैलीक, भाषिकीय र अन्तरभाषिक भेदहरू पाइन्छन् ।

अ) शैलीक

समान अर्थ भएर पनि वाक्यमा दुवैको प्रयोग गर्न नसक्ने अवस्था; जस्तै : पहिचान र परिचय समानार्थी शब्द भए पनि 'यहाँको परिचय पाऊँ' भन्ने ठाउँमा 'यहाँको पहिचान पाऊँ' भन्ने प्रयोग उपयुक्त हुँदैन ।

आ) भाषिकीय

एउटै भाषाका भिन्न-भिन्न भाषिकामा प्रयोग हुने समानार्थी शब्द; जस्तै अम्बा-अम्बक-बेलौती; भिँगनी- भिन्डी; गोलभैँडा-रामभैँडा आदि ।

इ) अन्तर्भाषिक

भिन्न-भिन्न भाषामा प्रयोग हुने समानार्थी शब्द; जस्तै : चुरोट-सिगरेट; बुबा-ड्याडी, आमा-मम्मी आदि ।

निष्कर्षतः समान अर्थ दिने शब्दहरूका बीचको सम्बन्धलाई पर्यायवाची अर्थसम्बन्ध भनिन्छ । यति हुँदाहुँदै  पनि सूक्ष्मतामा गएर हेर्दा कुनै पनि दुई शब्दका बीच पूर्ण समानार्थकता भने रहँदैन (न्यौपाने र अन्य २०६९:२०४) ।

ख) अनेकार्थी अर्थसम्बन्ध

कुनै शब्दको रूप वा आकृति समान भए पनि त्यसले एकभन्दा बढी अर्थ व्यक्त गर्दछ भने त्यसलाई अनेकार्थकता भनिन्छ । पर्यायवाचकतामा एकभन्दा बढी शब्दको अर्थ एउटै हुन्छ तर अनेकार्थकतामा एउटा शब्दका अनेक अर्थ हुन्छन् , जस्तै :

साँचो-सत्य, ताला खोल्ने वस्तु

कर- हात, किरण, तिरो, जिद्दी

तर- परन्तु, तर्ने काम गर ।

यहाँ उल्लेखित ‘साँचो’, ‘कर’ र ‘तर’ अनेकार्थी शब्दहरू हुन् । कुनै एउटा सन्दर्भमा यस्ता शब्दका सबै अर्थहरू प्रकट हुँदैनन् । वाक्यमा प्रयोग हुँदा अन्य शब्दहरूसँगको सह-सम्बन्धका आधारमा यस्ता शब्दहरूको कुनै एक अर्थ निश्चित हुन्छ ।

ग) विपरीतार्थी अर्थसम्बन्ध

एक अर्काका बीच विपरीत वा उल्टो अर्थ जनाउने शब्दहरूका बीचको आर्थी सम्बन्धलाई विपरीतार्थी आर्थी सम्बन्ध भनिन्छ; जस्तै : उज्यालो- अँध्यारो, दिन-रात, पातलो- बाक्लो, राम्रो-नराम्रो आदि । विपरीतार्थकता शब्द तहमा र रूपिमिक तहमा पाइन्छ ,जस्तै :

१) शब्द तहमा

दिन -रात

बिहान-बेलुका

जीवन-मरण आदि ।

२) रूपिमिक तहमा

राम्रो- नराम्रो

खायो - खाएन

केटो- केटी आदि ।

विपरीतार्थकता मुख्यतः दुई प्रकारका हुन्छन् : श्रेणीक र अश्रेणीक ।

i) श्रेणीक विपरीतार्थकता

तुलनात्मक रचनामा प्रयोग हुन सक्ने वा पुरै विपरीत नहुने आर्थी सम्बन्धलाई श्रेणीक विपरीतार्थकता भनिन्छ; जस्तै :

असल - कमसल

धनी - गरिब

सेतो - कालो आदि ।

यहाँ 'राम असल छैन' भन्नुको अर्थ 'राम कमसल छ' भन्ने मात्र होइन, त्यस्तै 'हरि धनी छैन' भन्नुको अर्थ 'हरि गरिब छ' भन्ने मात्र होइन, किनभने 'असल', 'धनी' जस्ता शब्दका श्रेणी हुन्छन् ।

ii) अश्रेणीक विपरीतार्थकता

तुलना गर्न नमिल्ने, श्रेणी नहुने, कि यो कि त्यो हुनैपर्ने किसिमका आर्थी सम्बन्धलाई अश्रेणीक विपरीतार्थकता भनिन्छ; जस्तै : कुमार-विवाहित, सधवा-विधवा, जन्म-मरण आदि । यी उदाहरणबाट केही प्रश्न उठ्छन् - निषेधवाचकतालाई विपरीतार्थक भन्न सकिन्छ या सकिँदैन ? 'केटो' को विपरीतार्थक 'केटी' कि 'बूढो' ? यस्ता प्रश्नहरूलाई दृष्टिगत गर्दा विपरीतार्थकताका एक वा अनेक आधार हुने थाहा लाग्छ । कुनै आर्थी अभिलक्षण अर्कोमा छैन भने त्यही आधारमा त्यो विपरीतार्थक हुन्छ; जस्तै :

| केटो | केटी |
|---|---|
| +मानव | +मानव |
| -वयस्क | -वयस्क |
| +पुरुष | -पुरुष |

उपर्युक्त उदाहरणलाई दृष्टिगत गर्दा यहाँ 'केटो' र 'केटी' का बीच लिङ्गगत आधारमा विपरीतार्थकता रहेको स्पष्ट हुन्छ । जस्तै :

| राजा | रङ्क | रानी |
|---|---|---|
| +मानव | +मानव | +मानव |
| +धनी | –धनी | +धनी |
| +पुरुष | +पुरुष | - पुरुष |

यी उदाहरणमा 'राजा' र 'रङ्क' का बीच धनसम्पत्तिका आधारमा विपरीतार्थकता पाइन्छ भने 'राजा' र 'रानी' का बीच लिङ्गगत आधारमा विपरीतार्थकता देखिन्छ (न्यौपाने र अन्य, २०६९:२०५) ।

घ) समावेशी अर्थसम्बन्ध

कुनै एउटा शब्दका अर्थमा अर्को शब्दको अर्थ पनि समावेश हुने स्थितिलाई समावेशात्मकता भनिन्छ । प्रायः जातिवाचक नाममा तदन्तर्गतका व्यक्तिवाचक नामहरू स्वतः समाविष्ट हुन्छन् । जुन शब्दमा अन्य अर्थहरू स्वतः समाविष्ट हुन्छन् त्यस्तो शब्दलाई समावेशक र समाविष्ट हुने शब्दलाई समावेशित भनिन्छ; जस्तै :

| समावेशक | समावेशित |
|---|---|
| फूल | गुराँस, चमेली, लालुपाते,सयपत्री आदि । |
| पशु | गाई, गोरू, भैसी, भैँडा बाखा आदि । |
| नदी | मेची, कोशी, नारायणी, गण्डकी, कर्णाली आदि । |
| देश | नेपाल, भारत, श्रीलङ्का, जापान आदि । |

यहाँ आएका 'फूल', 'पशु', 'नदी' र 'देश' शब्दले आफू अन्तर्गत विभिन्न शब्दलाई समावेश गराउने भएकाले यिनलाई समावेशक पद भनिन्छ । समावेशिक पदअन्तर्गत समाविष्ट हुन पुग्ने पदहरू समावेशित पदका रूपमा देखिएका छन् ।

नेपाली भाषामा बहुवचनबोधक सर्वनामहरू 'हामीहरू' 'तिमीहरू' र 'उनीहरू' पनि थुप्रै एकवचन बोधक सर्वनामहरू समाविष्ट हुने समावेशक पदका रूपमा देखिन्छन् । यही समावेशक र समावेशित शब्दका बीचको आर्थी सम्बन्धलाई समावेशी अर्थसम्बन्ध भनिन्छ ( न्यौपाने र अन्य, २०६९:२०६) ।

ङ) असमावेशी अर्थसम्बन्ध

एउटा शब्दले दिने अर्थभित्र अर्को शब्दको अर्थ नपर्ने स्थितिलाई असमावेशात्मक; ती शब्दहरूलाई असमावेशी र ती शब्दहरूका बीचको अर्थसम्बन्धलाई नै असमावेशी अर्थसम्बन्ध भनिन्छ । नेपालीमा विपरीतार्थी भनेर चर्चा गरिने शब्दलाई असमावेशी मानिन्छ । असमावेशी अर्थ सम्बन्धलाई पनि तीन प्रकारमा बाँडेर अध्ययन गर्न सकिन्छ ।

१) श्रेणीबद्ध विरीतार्थकता

२) परिपूरक विपरीतार्थकता

३) विरूद्धार्थकता

१) श्रेणीबद्ध विरीतार्थकता

एक-आपसको श्रेणीलाई बुझ्काउने विपरीत अर्थमा प्रयुक्त शब्दहरूका बीचको आर्थीसम्बन्धको अवस्था श्रेणीबद्ध विपरीतार्थकता हो । 'अग्लो' र 'होचो', 'सानो' र 'ठूलो', 'तातो' र 'चिसो' आदि श्रेणीबद्ध विपरीतार्थक शब्द हुन् । यस्ता शब्दहरू तुलनावाची संरचनामा प्रयोग गर्न सकिन्छ; जस्तै :

राम हरिभन्दा होचो छ ।

मुसो बिरालोभन्दा सानो छ ।

हिउँ पानीभन्दा चिसो हुन्छ ।

यी उदाहरणमा आएका 'भन्दा होचो', 'भन्दा सानो' तुलनावाची संरचना हुन् । 'होचो', 'सानो' र 'चिसो' का विपरीतार्थी शब्दहरू क्रमशः 'अग्लो', 'ठूलो' र 'तातो' हुन् । यसरी तुलनावाची संरचनामा आउन सक्ने विपरीतार्थक शब्दहरूका बीचको सम्बन्धलाई श्रेणीबद्ध विपरीतार्थक शब्द भनिन्छ ।

२) परिपूरक विपरीतार्थकता

दुई विपरीत ध्रुवी शब्दहरूका बीचको आर्थीसम्बन्धलाई परिपूरक विपरीतार्थकता भनिन्छ । परिपूरक विपरीतार्थक सम्बन्ध रहेका शब्दहरू न त तुलनावाची संरचनामा प्रयोग हुन सक्छन्, न त तिनीहरूका बीच कुनै श्रेणी नै हुन्छ; जस्तै :

जीवित <–> मृत

विवाहित <–> अविवाहित

खानु <–> नखानु

सधवा <–> विधवा आदि ।

परिपूरक विपरीतार्थक शब्दमध्ये एउटाको अकरण - अर्थले अर्को शब्दलाई बुझाउँछ; जस्तै :

क) गाई जीवित छ ।

ख) गाई जीवित छैन ।

ग) गाई मृत छ ।

यहाँ (क) वाक्यको अकरण (ख) हो भने (ख) को अर्थ (ग) हो । अतः 'जीवित' र 'मृत' शब्दका बीच परिपूरक विपरीतार्थकता रहेको छ ।

३) विरूद्धार्थकता

श्रेणीबद्ध र परिपूरक विपरीतार्थकता भन्दा भिन्न प्रवृत्तिको असमावेशात्मकता नै विरूद्धार्थकता हो । यस्ता शब्दहरू न त श्रेणीक्रममा रहेका हुन्छन् न त विपरीत ध्रुवी नै हुन्छन् । त्यसैगरी यस्ता शब्दलाई तुलनावाची संरचना तथा अकरणबाट परीक्षण गर्न सकिदैन; जस्तै :

क) *राम श्यामभन्दा दाजु हो ।

ख) *राम श्यामभन्दा भाइ हो ।

यहाँ 'दाजु' र 'भाइ' तुलनात्मक संरचनामा आउन नसकेकाले यी श्रेणीबद्ध विपरीतार्थक होइनन् । त्यसैगरी :

क) राम श्यामको दाजु हो ।

ख) राम श्यामको दाजु होइन ।

ग) राम श्यामको भाई हो ।

घ) राम श्यामको छोरो हो ।

यहाँ (क) वाक्यको अकरण (ख) वाक्य हो । (ग) र (घ) वाक्य (ख) का सम्भावित अर्थ हुन् । यहाँ 'दाजु' को अकरणले 'भाइ', 'छोरो' आदि जनाएकाले 'दाजु' को अकरणले 'भाइ' परिपूरक विपरीतार्थक पनि होइनन् । अतः यिनीहरूका बीच विरूद्धार्थकता पाइन्छ (न्यौपाने र अन्य २०६९:२०७) ।

च) समध्वन्यात्मक अर्थसम्बध

समान उच्चारण भएका शब्दहरूबीचको सम्बन्धलाई समध्वन्यात्मक सम्बन्ध भनिन्छ । समध्वन्यात्मक शब्दहरूको अर्थ तथा लेख्य रूपमा पनि भिन्नता पाइन्छ । श्रुतिसमभिन्नार्थक शब्दहरू समध्वन्यात्मक अन्तर्गत पर्दछन्; जस्तै :

दिन/ दिन् / - दिवस

दीन/ दिन् / - दुःखी

फूल/ फुल् /- पुष्प

फुल/ फुल् / - अण्डा

बाग/ बाग् / - बगैँचा

बाघ/ बाग् / - बाघ

यहाँ आएका 'दिन-दीन', 'फूल-फुल' र 'बाग-बाघ' समध्वन्यात्मक सम्बन्ध भएका शब्दहरू हुन् (न्यौपाने र अन्य,२०६९:२०८) ।

छ) समरूपात्मक अर्थसम्बन्ध

भिन्न-भिन्न अर्थ बुझाउने तर उच्चारण र लेखाइमा समान शब्दहरूका बीचको अर्थसम्बन्धलाई समरूपात्मकता भनिन्छ । समरूपात्मकतालाई समलिप्यात्मकता पनि भनिन्छ । जस्तै :

कर १ - जिद्दी

कर २ - तिरो

कर ३ - हात

पत्र १ - बोटबिरूवाको पात

पत्र २ - चिठी पत्र

पत्र ३ - खाता, तह, दल

केटाकटी १ -स-साना नानीबाबुहरू

केटाकटी २ -दुलाहा-दुलही

केटाकटी ३ -गैँडाका बच्चा-बच्ची

यहाँ आएका 'कर', 'पत्र' र 'केटाकेटी'शब्द समरूपात्मक शब्द हुन् । बोलाइ र लेखाइमा समान भएपनि अर्थमा भिन्नता रहने यस्ता शब्दहरूलाई अनेकार्थी शब्द पनि भनिन्छ । समध्वन्यात्मक शब्दहरूमा उच्चार्य स्वरूप मात्र समान हुन्छ भने समरूपात्मक शब्दहरूमा उच्चार्य र लेख्य दुवै रूप समान हुन्छन् (न्यौपाने र अन्य, २०६९:२०९) ।

### १.५.३ शब्दार्थ शिक्षण गर्दा प्रयोगका विधिहरू

शब्दार्थको शिक्षण गर्दा शिक्षणीय शब्दको प्रकृति हेरी भिन्न भिन्न तरिका अपनाउनु पर्ने हुन्छ । एउटै शब्दको शिक्षणमा पनि एकभन्दा बढी शिक्षण तरिकाहरूको उपयोग गर्न सकिएमा बेस हुन्छ भने भिन्न भिन्न प्रकृतिका शब्दहरूलाई तिनको प्रकृतिअनुरूप भिन्नभिन्नै तरिकाहरू अपनाउदा शिक्षणमा अझ प्रभावकारिता बढ्ने कुरा निश्चित छ । अतः शब्दार्थ शिक्षणमा भिन्नता एवम् प्रभावकारिता ल्याउन विभिन्न शिक्षण विधिहरूको प्रयोग गर्नुपर्दछ (अधिकारी, २०६९:१०४) ।

शब्दार्थ शिक्षणको अभिप्राय आधारभूत शब्दावलीमा विद्यार्थीहरूलाई आत्म निर्भर गराई शब्दका प्रशस्त विकल्पहरूको छनोट गरी खास प्रकरण वा सन्दर्भमा आवश्यक हुने शब्द प्रयोग क्षमता अथवा कुशलताको अभिवृद्धि गर्नु हो । यसका साथै पहिचानात्मक (निष्क्रिय) र उत्पादनात्मक (सक्रिय) शब्दभण्डार क्षमता वृद्धि गर्नु र कोशीय क्षमता अभिवृद्धि गरी तिनको कुशल प्रयोग गरेर भाषाका ग्रहण र अभिव्यक्ति सीपलाई प्रभावकारी बनाउनु पनि शब्दार्थ शिक्षणको महत्त्वपूर्ण पक्ष हो । यसले शिक्षणीय शब्दको प्रकृति हेरी भिन्न-भिन्न तरिका र विधिहरू अपनाएर शब्दार्थ शिक्षण गर्न सकिन्छ र एकै प्रकृतिका शब्दलाई पनि एकभन्दा बढी विधि र प्रक्रियाहरूको उपयोग गरेर शिक्षण गर्नु बेस हुन्छ (शर्मा र पौडेल २०६८:२०३) ।

शब्दार्थ शिक्षण गर्दा शिक्षणमा विविधता एवम् प्रभावकारिता ल्याउन निम्नानुसारका शिक्षण विधिहरूको प्रयोग गर्नु उपयुक्त हुन्छ :

क) पर्यायवाचीकरण/पर्यायवाची शब्द दिने

खं) अर्थीकरण/अर्थ बताउने

ग) परिभाषीकरण/परिभाषा दिने

घ) विपरीतार्थीकरण/विपरीतार्थी शब्द दिने

ङ) अनेकार्थीकरण/ अनेकार्थी शब्द दिने

च) समावेशीकरण/आफूमा समेट्न सक्ने गुण भएका शब्द दिने

छ) वस्तु प्रत्यक्षीकरण/मूर्त वस्तु, मूर्ति, प्रतिमूर्ति, चित्र आदि बनाउने

ज) नाटकीकरण/आङ्गिक प्रदर्शन वा अभिनय गर्ने

झ) व्युत्पत्तीकरण/ निर्माण प्रक्रिया देखाउने

ञ) प्रयोग व्याख्यीकरण/प्रयोग प्रसङ्ग वा सन्दर्भको व्याख्या गर्ने

ट) प्रयोग अभ्यासीकरण/शब्द प्रयोग अभ्यास गराउने

क) पर्यायवाचीकरण/पर्यायवाची शब्द दिने

विद्यार्थीका पूर्वानुभवसँग सम्बद्ध शब्दहरूको उपयोग गर्दै शिक्षणीय शब्दका पर्यायवाची रूपहरू देखाएर वा बताएर शब्दार्थ शिक्षण गर्न सकिन्छ । जस्तैः जल >पानी, स्थल >ठाउँ, कर >हात, युवा > तरूण, युवती >तरूणी , मर्नु > सिद्धिनु, नेत्र >नयन आदि । यस्तो तरिका अपनाउँदा प्रकरणगत अथवा सन्दर्भमा भिन्नता नहुने गरी शिक्षण गर्न भने शिक्षक सधैँ सचेत रहनु आवश्यक हुन्छ; पर्यायवाचिकताका हिसाबले सबै शब्दका ठ्याक्कै पर्याय पाउन गाह्रो हुन्छ; त्यसैले पर्यायवाची शब्द नदिई हुन्न भन्ने धारणाबाट शिक्षण मुक्त हुन आवश्यक छ र आवश्यक भएमा मात्र यसको उपयोग गर्नु पर्छ । यस मानेमा दोस्रो भाषाका रूपमा भाषा शिक्षण गरिएको छ अथवा द्विभाषिक किसिमको कक्षा छ भने विद्यार्थीको पहिलो भाषाका शब्दहरूलाई पनि पर्यायवाची बनाएर उपयोग गर्न सकिन्छ ।

ख) अर्थीकरण/अर्थ बताउने

शिक्षणीय शब्दको अर्थ वा आशय बताउने प्रक्रियालाई अर्थीकरण भन्न सकिन्छ। अर्थीकरणमा पर्यायवाचिताको गुण पनि रहन सक्छ तर पर्यायवाचीकरणमा भिन्नाभिन्नै एक शब्दे पर्याय हुन्छ भने अर्थीकरणमा एक वा एकभन्दा बढी शब्दमा समेत अर्थ्याउने प्रक्रिया अपनाइन्छ। जस्तै; चपल : चञ्चले, अस्थिर , चकचक गरि रहने स्वभावको; फसादः झन्झट, के गर्ने, के नगर्नेको दोधारे स्थिति, आपद आदि। अर्थीकरण विधि अपनाउँदा शिक्षणीय शब्दभन्दा जटिल नहुने गरी; शब्दवर्गीय भिन्नता नहुने गरी विद्यार्थीले जानेकै शब्दको उपयोग गरेर आशय वा अर्थ बताउन शिक्षक सजग रहनु पर्छ।

ग) परिभाषीकरण /परिभाषा दिने

शब्दकोशमा दिइएको कोशीय अर्थ वा शब्द कसरी बनेको हो भन्ने व्युत्पत्तिगत अर्थबाट मात्र वास्तविक अर्थबोध गराउन नसकिने विभिन्न विषय क्षेत्रमा परिभाषिक वा प्राविधिक शब्दहरूको अर्थबोध गराउन परिभाषा बताउनु आवश्यक हुन्छ। जस्तै; असंलग्नः कुनै पनि गुट वा दलको पक्षमा नरहेको अथवा तटस्थ बसेको; सबलीकरण : कुनै पनि विषयवस्तु, कार्य र परिणामलाई अझ टेवा पुग्ने गरी सहयोग वा बल दिने काम, उत्प्रेरणा प्रदान गर्ने काम आदि। यस्ता पारिभाषिक वा प्राविधिक शब्दहरू विभिन्न विषय क्षेत्रमा विशिष्ट अर्थ लिएर प्रयोग भएका हुन सक्छन् अनि एउटै शब्द पनि विभिन्न विषय क्षेत्रमा विशिष्ट अर्थ लिएर प्रयोग भएको हुन सक्छ; जस्तै : रस (साहित्य) मानवीय मनभित्र सुषुप्त अवस्थामा रहेका उत्साह, करूणा, विराग, वासना आदि भाव अथवा शृङ्गार, वीर, करूणा, शान्त आदि भाव, नवरस; रस (दर्शन शास्त्र) : विभिन्न पदार्थहरूभित्र अन्तर्निहित अनिवार्य गुण; रस ( आयुर्वेद) : औषधीहरूमा हुनु पर्ने अनिवार्य गुण आदि। परिभाषीकरण विधिद्वारा शब्दार्थ शिक्षण गर्दा शब्द प्रयोगको विषय क्षेत्रलाई ध्यान दिएर परिभाषा दिनु आवश्यक हुन्छ र सँगसँगै प्रासङ्गिक प्रयोग उदाहरणद्वारा प्रस्ट्याउनु पनि उत्तिकै आवश्यक हुन्छ।

घ) विपरीतार्थीकरण/विपरीतार्थी शब्द दिने

कतिपय शब्दहरू तिनका विपरीत अर्थका माध्यमले समेत अर्थ स्पष्ट हुने खालका हुन्छन् तर सबै शब्दहरू विपरीत अर्थका माध्यमले अर्थ स्पष्ट गर्न सकिने खालका चाहिँ हुँदैनन् । त्यसैले जुन जुन शब्दहरू विपरीत अर्थका माध्यमले अर्थबोध गराउन बढी उपयुक्त हुन्छन्

त्यस्ता शब्दहरूको अर्थ शिक्षण गर्न मात्र यो विधिको उपयोग गर्नुपर्ने हुन्छ । जस्तै; आकाश-पाताल, रात-दिन, अग्लो-होचो आदि । कतिपय विपरीतार्थी शब्दले ठ्याक्कै विपरीत अर्थ दिन सक्दैनन् । जस्तै; रातोःकालो?, सेतो? ....। विपरीत अर्थ दिन नसक्ने शब्दका लागि यो विधि उपयुक्त हुँदैन । अतः यस विधिको प्रयोग गर्दा शिक्षकले अन्य विधिका तुलनामा यसको उपयुक्तता र सहजताको ख्याल गर्नु उचित हुन्छ ।

ङ) अनेकार्थीकरण/अनेकार्थी शब्द दिने

एउटै शब्दले विभिन्न प्रसङ्गमा विभिन्न अर्थ दिन सक्ने सम्भावना पनि भाषामा प्रशस्त देखिन्छ । यसरी एउटै शब्दले विभिन्न अर्थ दिने स्थितिलाई अनेकार्थकता मान्न सकिन्छ । यस्ता शब्दहरूको अर्थ शिक्षण गर्दा शब्दले दिने भिन्न भिन्न अर्थ अनुसारका अलग अलग वाक्य संरचना गरेर अनेकार्थकता देखाई शब्दले वहन गर्न सक्ने विविध अर्थहरू बताई दिनु उपयुक्त हुन्छ । जस्तै; साँचोः हिजोआज साँचो बोल्ने मानिस बिरलै पाइन्छन् (सत्य), चोरको बिगबिगी छ, ढोकामा साँचो लगाएर जानू है (ताल्चा), गाईले होइन आगोले खायो वन, रेलको साँचो घुमे झैँ घुम्छ मन (मेशिन); घडीको मुख्य साँचो बिग्रिएकाले चल्न छाडेको छ (पुर्जा) आदि ।

च) समावेशीकरण/आफूमा समेट्न सक्ने गुण भएका शब्द दिने

भाषामा आफूमा धेरै किसिमका शब्द र तिनका अर्थलाई समावेश गर्न सक्ने विशेषता भएका शब्दहरू पाइन्छन् । केन्द्रिक वा आधारभूत प्रकृतिका यस्ता शब्दहरूको अर्थ शिक्षण  गर्न ती शब्दहरूले आफूभित्र समेट्न सक्ने शब्दहरू दिएर अर्थ स्पष्ट पार्न सकिन्छ । जस्तै; फूलःगुँरास, गुलाब, गोदावरी, सयपत्री........; फर्निचरः कुर्सी, टेबुल, बेन्च, डेस्क,.....; सजीवः मान्छे, पशु, चरा, माछा, ..........; निर्जीवः ढुङ्गो, माटो, काठ, दाउरा, ....... आदि ।

छ) वस्तु प्रत्यक्षीकरण/मूर्त वस्तु, मूर्ति, प्रतिमूर्ति, चित्र आदि देखाउने

कतिपय शब्दहरू विद्यार्थीका चिर परिचित धारणा र अनुभवभन्दा बाहिरका वस्तु र विषय सम्बद्ध अर्थ बहन गर्ने खालका हुन्छन्। यस्ता शब्दहरूको शिक्षण गर्दा बयान र व्याख्या वा परिभाषाभन्दा सम्बन्धित वस्तु वा विषयका दृश्यात्मक प्रत्यक्षीकरणका माध्यमले बसेको आर्थी धारणा चिरस्थायी किसिमको पनि हुन्छ । त्यसैले किनमेल गरि रहेका तस्बिर वा चित्र, कुनै समारोह  वा कार्यक्रमका चित्र, घोडा, हात्ती, गैँडा, सुतुरमृग, जिराफ, कङ्गारू आदिका

चित्र वा प्रतिमूर्ति, कुनै स्थान विशेषका नक्सा आदि विविध कुराको उपयोग र अझ शैक्षिक भ्रमण र अवलोकन समेतको अवसर सिर्जना गरेर सिकाइएको प्रत्यक्षीकृत अर्थ बढी सुदृढ एवम् चिरस्थायी हुन सक्छ ।

ज) नाटकीकरण/आङ्गिक प्रदर्शन वा अभिनय गर्ने

भाषामा कतिपय अमूर्त शब्द र अनुकरणात्मक शब्दको अर्थबोध गराउन अन्य विधिभन्दा आङ्गिक प्रदर्शन वा नाटकीकरण विधि बढी उपयुक्त हुन सक्छ । हाउभाउ प्रदर्शन, अभिनय, अङ्ग सञ्चालन, मुखमुद्रा एवम् उच्चारण समेत दुरूस्त गरी ती शब्दका आशय, अभिप्राय र अर्थलाई प्रभावकारी ढङ्गले विद्यार्थीहरूमा सम्प्रेषण गर्न सकिन्छ । यो विधि शिक्षणमा विविधता ल्याउन र रूचिकर बनाउन पनि महत्त्वपूर्ण किसिमको हुन्छ । परिक्रमा, मुसुक्क, जङ्गिनु, हुर्‍याउनु जस्ता शब्दहरूको शिक्षणमा यो विधि नै बढी उपयुक्त हुन्छ ।

झ) व्युत्पत्तीकरण/ निर्माण प्रक्रिया देखाउने

भाषामा व्युत्पन्न शब्दहरूको बाहुल्यता हुन्छ । समस्त शब्द, द्वित्व शब्द, सन्धि भई बनेका शब्द, उपसर्ग लागेर बनेका शब्द परसर्ग लागेर बनेका शब्द तथा रूपायन प्रक्रियाद्वारा बनेका शब्दहरूको अर्थ शिक्षण गर्न तिनका व्युत्पादन प्रक्रिया र रूपायन प्रक्रियाका बारेमा विद्यार्थीहरूलाई जानकारी दिनु राम्रो हुन्छ । त्यसैले शब्द छनोट वा शब्द निर्माण प्रक्रिया देखाएर शब्दार्थ स्पष्ट पार्न अरू तरिकाबाट भन्दा सजिलो हुन्छ भने यो विधिलाई उपयोग गर्नु पर्छ तर यसलाई उपयोग गर्दा झन् जटिलता थपिने सम्भावना पनि रहने भएकाले विशेष सचेतता अपनाउनु जरूरी देखिन्छ ।

ञ) प्रयोग व्याख्यीकरण/प्रयोग प्रसङ्ग वा सन्दर्भको व्याख्या गर्ने

विशेष गरी शब्दको सन्दर्भपरक अर्थ स्पष्ट पार्नका लागि यो प्रसङ्गको व्याख्या गर्ने विधिलाई अपनाउन सकिन्छ र कतिपय अमूर्त शब्दहरू तथा उखान टुक्काहरूको अर्थ स्पष्ट गर्न पनि यो व्याख्यीकरण विधि प्रभावकारी हुन सक्छ । शब्दका लाक्षणिक, व्यञ्जनात्मक एवम् विशिष्ट प्रयोग सन्दर्भका कुरा र तिनका अर्थ, व्युत्पत्तिगत अर्थ र कोशीय अर्थका माध्यमले मात्र स्पष्ट हुन सक्दैनन् । त्यसैले यस्ता शब्दहरूको अर्थ स्पष्ट गर्न तिनको प्रयोगात्मक आशय र प्रसङ्गको बयान आवश्यक हुन्छ ।

ट) प्रयोग अभ्यासीकरण/शब्द प्रयोग अभ्यास गराउने

शब्दार्थ शिक्षणको मूल उद्देश्य शब्दको उपयुक्त र प्रभावकारी प्रयोग कुशलता विकास गर्नु हो । शब्दको कोशीय अर्थ, व्युत्पत्तिगत अर्थ, सन्दर्भपरक अर्थ आदि जानेर मात्र शब्दार्थ शिक्षणको लक्ष्य पूरा भएको मान्न सकिदैन । जबसम्म विद्यार्थीहरू शब्दलाई विविध प्रसङ्ग वा सन्दर्भ अनुसार प्रयोग गर्न सक्दैनन् तबसम्म उनीहरूले शब्दार्थ सही ढङ्गले सिकेको मान्न सकिँदैन ।  त्यसैले अन्य जुनसुकै विधि अपनाएर शब्दार्थ शिक्षण गरे पनि अन्ततः प्रासङ्गिक प्रयोगको अभ्यास नगराएसम्म शब्दार्थ शिक्षण अधुरो वा अपुरो हुन्छ भन्ने कुरा भाषा शिक्षकले मनन गर्नु आवश्यक छ । शब्दको प्रयोग गर्ने अभ्यासलाई शब्दार्थ शिक्षणको केन्द्रीय विधि र अनिवार्य विधि ठानेर सोही अनुरूप यसको उपयोग गरी शब्दार्थ क्षमतालाई सबलीकरण गर्नु अत्यावश्यक ठान्न सकिन्छ (शर्मा र पौडेल, २०६८ :२०३) ।

भाषा शिक्षणमा शब्दार्थ शिक्षणको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शब्दार्थ शिक्षण नगरी भाषा शिक्षण गर्दा सिकाइ अधुरो र अपुरो हुन जान्छ । यसले शिक्षार्थीहरूमा शब्दभण्डार क्षमताको विकास गराउन सहयोग पुऱ्याउछ । तसर्थ शब्दार्थ शिक्षण गराउँदा माथि उल्लेख गरिएका विधिहरूको प्रयोग गरी शिक्षण गराउन सकेमा शिक्षार्थीहरूले शिक्षणीय शब्दहरूको सहज तरिकाले अर्थबोध गर्न सक्छन् । यसले उनीहरूको भाषिक क्षमता बढाउनुका साथै भाषिक सीप विकास गराउन पनि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

## १.६ अध्ययनको सीमाहरू

यस अध्ययनको लागि निम्नानुसार सीमाहरू निर्धारण गरिएको छ :-

क) प्रस्तुत अध्ययन मोरङ जिल्लाको बबिया बिर्ता र सोराभाग गा.वि.स.का ६ वटा विद्यालयलाई मात्र जनसङ्ख्याको रूपमा समावेश गरिएको छ ।

ख) शिक्षकद्वारा कक्षा ७ मा शब्दार्थ शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययनमा सीमित रहेको छ ।

ग) कक्षामा शिक्षकहरूले शब्दार्थ शिक्षण गर्दा प्रयोग गर्ने विधि, सिद्धान्त र व्यवहार आदि कुराको शोध र सर्वेक्षणद्वारा तथ्य पत्ता लगाउनु प्रयोजन रहेको छ ।

घ) शब्दार्थ शिक्षण अन्तर्गत पाठमा प्रयुक्त कठिन शब्दहरू शिक्षण गर्दा अपनाइने शिक्षण विधिहरूको मात्र अध्ययन अनुसन्धान गरी व्याख्या विश्लेषण गर्नेतर्फ सीमित रहेको छ ।

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरवलोकन र अवधारणात्मक ढाँचा

## २.१ शब्दभण्डारको सैद्धान्तिक अध्ययन

मानव जीवनभित्र हुर्कंदै आएको नेपाली भाषा जीवन्त भाषा हो । भाषामा आफैँभित्र विकसित हुने र भाषान्तरका शब्दलाई आत्मसात गर्ने शक्ति हुन्छ यही नै भाषाको जीवन्तताको सङ्केत पनि हो । बोलीचालीबाट, लोकसाहित्यबाट, लिखित भाषान्तरबाट, शब्द सङ्कलन गर्ने कैयौँ फाँटहरू पाइन्छन् । तिनीहरूबाट शब्दहरूको छनौट गरी सङ्कलन गर्न सक्नुपर्दछ । नयाँ शब्दको प्राप्ति 'नौ' अङ्कपछि शून्यको प्राप्ति जस्तै हुनुपर्छ अनि आवश्यकता हेरी त्यस्तै अरू शब्दको साथ प्रस्तुत गर्न सकिन्छ । जुन भाषामा जति बढी शब्द पाइन्छन् त्यो भाषा त्यति नै समृद्ध मानिन्छ । नेपाली भाषाले शीतल शब्दलाई नदुखाउने अर्थमा पनि प्रयोग गरेको छ र नै कपाल फाल्दा वा घाउँ निचोर्दा हामी शीतल हातलाई मन पराउँछौँ । आमालाई आमा भन्दाखेरि जति आत्मीयताको बोध हुन्छ, माता भन्दा त्यति हुँदैन । कुनै पनि वस्तुको नामबाट त्यसका गुण, धर्म र स्वभावका भन्दा भिन्दै बिम्ब बन्न जान्छन् । पानी शब्दबाट कान्तिको तरलता, हिराको निर्झरतुल्य शोभा, घोडाको तेज, पुरूषको पौरूषवृत्ति आदि बुझ्न सकिन्छ । तर पनि शब्दको यस्तो अर्थ त्यहीँ मात्र खुल्छ जहाँ त्यसले समास, वाक्यांश वा वाक्यको प्रयोग र प्रसङ्ग पाउँछ, (पोखरेल र अन्य, २०५२ :१२) ।

मानव जीवनका सम्पूर्ण क्रियाकलाप, चिन्तन मनन् तथा अभिव्यक्तिहरूको सबभन्दा उपयुक्त माध्यम भाषा नै हो । भाव तथा विचारको प्रस्फुटन तथा सञ्चारका क्रममा भाषाले सामाजिक जीवनलाई गतिशील बनाउनका साथसाथै साहित्य तथा साहित्येत्तर ज्ञानविज्ञानको उचाइसम्म पुऱ्याउने गर्छ । भाषाको अभिव्यक्ति क्षमता यसको शब्दभण्डार क्षमतामा निर्भर गर्दछ र त्यस भाषामा खेलेका, भिजेका र रत्तिएका शब्दहरूको समष्टिलाई शब्दभण्डार भनिन्छ । विश्वका हरेक जातिका भाषिक प्रयोगमा त्यस भाषाका शब्द एकाइहरूको महत्त्वपूर्ण स्थान हुन्छ । कुनै भाषाको सञ्चार सामर्थ्यको मापन गर्ने मूल आधार शब्द स्रोत हो । शब्दहरूको सम्पन्नता र अर्थवहन क्षमताले भाषालाई जीवन्त बनाउँछ । भाषाको आवश्यकता र परिस्थिति अनुसार प्रयुक्त शब्द प्रयोग र अर्थविधानमा समयानुकूल परिष्कार

वा परिवर्तन भइरहन्छन् । उपयुक्त विभिन्न स्थितिमा शब्दहरूको ठीक ठीक अर्थ र अभिप्राय सहितको शब्दभण्डारले सामान्य भाषिक व्यवहारका साथै साहित्य तथा ज्ञान विज्ञान लगायतका वाङ्मयको साधनका दृष्टिमा पनि आफ्नै किसिमले महत्त्वपूर्ण स्थान ओगटेको पाइन्छ, (पोखरेल र अन्य नेपाली बृहत शब्दकोष, २०५२:१५)।

शिक्षण सिकाइका क्रममा हरेक समयमा नयाँ नयाँ शब्दहरू प्रयोगमा आउँछन् । कतिपय शब्दहरू दोहोरिन्छन् । त्यतिमात्र होइन एउटै शब्दले विभिन्न संरचनात्मक आकृति लिएर देखा पर्न सक्छ । अनि त्यो प्रसङ्ग अनुसार बेग्लावेग्लै अर्थ र अभिप्राय वहन गरेर समेत प्रयोगमा आउने सम्भावना हुन्छ । यिनै विभिन्न कारणहरूले गर्दा शिक्षणमा शब्दभण्डारको यथेष्ट विकास गर्नुपर्ने खाँचो देखिन्छ । भाषालाई ग्रहण र अभिव्यक्तिगत दृष्टिले अर्थपूर्ण, आशयपूर्ण, प्रभावकारी बनाउन र सोही अनरूप शब्दको उपयोग गर्ने सीप हासिल गराउन, शब्दभण्डार क्षमताको वृद्धि गर्नु शिक्षणको अनिवार्य कार्य ठहरिन्छ । यसबाट शब्दभण्डार शिक्षणको प्रयोजन स्वतः स्पष्ट हुन्छ । फेरि कतिपय उखान टुक्काहरू पनि शाब्दिक अभिप्रायले प्रयुक्त हुन सक्छन् र अर्थलाई विशिष्ट एवम् लाक्षणिक ढङ्गले प्रभावकारी बनाउन व्यवहारमा आइरहन्छन् (शर्मा र पौडेल, २०६८ :१९८ )।

शब्दभण्डार भनेको भाषाका शब्दहरूको भण्डार हो । शब्दभण्डारका माध्यमबाट शब्दार्थ शिक्षण गर्न सकिन्छ । भाषामा प्रयोग हुने प्रत्येक शब्दको कम्तीमा पनि एउटा अर्थ रहेको हुन्छ । एउटा शब्दका एकभन्दा बढी पनि अर्थ हुन सक्छन् । भाषामा शब्दहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शब्दको अर्थ थाहा भएन भने भाषा शिक्षण प्रभावकारी हुँदैन । शब्दको अर्थ थाहा नहुँदा श्रुतिबोध र पठनबोध हुन सक्दैन । त्यसैले शब्दभण्डार र शब्दार्थ शिक्षण अनिवार्य हुन्छ ।

## २.२ सम्बन्धित साहित्यको पुनरवलोकन

खोज अनुसन्धान आफैँमा एउटा गहन र जटिल विषय भएको हुँदा यसलाई सरल र सहज बनाउन यसभन्दा अगाडि विषयसँग सम्बन्धित भएर गरिएको खोज र अनुसन्धानलाई हेर्न र जान्न आवश्यक पर्छ । साहित्यको पुनरवलोकन अन्तर्गत प्रस्तुत शोधपत्रको शीर्षकसँग सम्बन्धित विषयवस्तुमा त्यसभन्दा पूर्व अध्ययन अनुसन्धान भएको भए त्यस विषयवस्तुसँग

सम्बन्धित शोध पत्रको सकारात्मक र नकारात्मक पक्षलाई केलाउँदै सकारात्मक पक्षको अवलम्बन र नकारात्मक पक्षको सुधार सहित नयाँ किसिमको अनुसन्धानलाई अगाडि बढाउनु हो । भाषा विचार विनिमयको साथै मानवीय वस्तु हो । सामाजिक सम्पर्क र विचारहरूको आदान-प्रदान गर्ने प्रमुख माध्यम बनेको भाषाको शिक्षण कार्य ज्यादै महत्त्वपूर्ण विषय हो । भाषा शिक्षणका क्रममा शिक्षण विधिको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । भाषा शिक्षणका क्रममा समावेश गरिएका शिक्षण विधिहरूमध्ये कुन विधिको प्रयोग गर्दा भाषा शिक्षण प्रभावकारी हुन्छ र कक्षा ७ मा शब्दार्थ शिक्षण गर्दा कुन कुन विधिहरू अपनाउन उपर्युक्त हुन्छ  भन्ने कुरामा यो शोध पत्र केन्द्रित रहने भएकाले त्यससँग सम्बन्धित भएका साहित्यको पुनरवलोकन निम्नानुसार गरिएको छ :

खनाल, तोयानाथ (२०५२), ले 'कक्षा ५ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' शीर्षक शोध पत्रमा कक्षा ५ मा नेपाली भाषा शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरू शिक्षक केन्द्रित वा विद्यार्थी केन्द्रित कस्ता छन् ? सर्वेक्षण गर्न , सरकारी, निजी तथा आवसीय विद्यालयका शिक्षकहरूले प्रयोग गरेका विधिहरूका बीच भिन्नता छ/छैन पत्ता लगाउने उद्देश्यले सामग्री सङ्कलनका क्रममा काठमाडौं, ललितपुर र भक्तपुर जिल्लाका ४० वटा विद्यालयलाई जनसङ्ख्याको रूपमा लिई खोज अनुसन्धान गर्दा कक्षा ५ को नेपाली भाषा शिक्षण गर्ने शिक्षकहरूद्वारा विद्यार्थी केन्द्रित विधिहरूलाई उपयोगमा नल्याइएको तथ्य पत्ता लगाइएको पाइयो ।

त्रि.वि. शिक्षा शास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग कीर्तिपुर (२०५५), का लक्ष्मी प्रसाद ढकालले कक्षा ५ मा कविता शिक्षणमा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन नामक शोध पत्रमा शिक्षण विधिहरूको सैद्धान्तिक परिचयका साथै काठमाडौं, ललितपुर र भक्तपुरका ३० वटा नमुना विद्यालयका कक्षा अवलोकन र शिक्षक प्रश्नावली फारमका माध्यमले विद्यालयमा प्रचलित शिक्षण विधि र शिक्षण क्रियाकलापको उल्लेख गरेका छन् । यस्तै सरकार र निजी विद्यालयका तालिम प्राप्त र तालिम अप्राप्त शिक्षक बीच तुलनात्मक अध्ययन पनि गरेका छन् । जसअनुसार सरकारी र निजी विद्यालयमा फरक फरक विधिहरूको प्रयोग  हुने तर दुबै विद्यालयमा शिक्षक केन्द्रित विधि नै बढी केन्द्रित भएको निष्कर्ष निकालेको छ ।

सुबेदी, सीता (२०५७) ले 'कक्षा ९ मा व्याकरण शिक्षण गर्दा अपनाइएका शिक्षण विधिहरूको अध्ययन' शीर्षकको शोध पत्रमा कक्षा ९ मा व्याकरण शिक्षण गर्दा शिक्षकले अपनाउने गरेका विधिहरूको बारेमा प्रस्तुत गरिएको छ ।

कार्की, सङ्गीता (२०५८), ले 'कक्षा ४ मा कविता शिक्षणका लागि प्रयोग गर्न सकिने शिक्षण विधिहरूको अध्ययन' शीर्षकको शोधपत्रमा प्रचलित शिक्षण विधिहरूको सैद्धान्तिक परिचय, कक्षा ४ मा नेपाली शिक्षणका विधिहरू समेत उल्लेख गरी शोधपत्र तयार गरेकी छन् । कक्षा शिक्षण अन्तर्गत कविता शिक्षणमा प्रयोग गरिएका विधिहरू पत्ता लगाउने प्रमुख उद्देश्यका साथ सुरू भएको उक्त शोधपत्रमा व्याख्यान विधि, श्रव्य सामग्रीको प्रयोग, बोध विधि, स्वरको आरोह-अवरोह विधि, श्रुति लेखन विधि, प्रश्नोत्तर विधि आदिको प्रयोग हुन सक्ने कुरा निष्कर्षमा उल्लेख गरिएको छ ।

अधिकारी, केशवराज (२०६०), ले 'कक्षा ८ पूरा गरेका विद्यार्थीहरूको शब्दभण्डार क्षमताको अध्ययन' शीर्षकको शोधपत्र कक्षा ८ मा प्रयुक्त शब्दभण्डारमा विद्यार्थीहरूको क्षमता, लिङ्ग, भाषा र क्षेत्रको आधारमा तुलनात्मक अध्ययन गर्नु रहेको छ । यस शोधपत्रमा काठमाडौँ र कास्की जिल्लाका १० विद्यालयबाट १०० विद्यार्थीलाई नमुनाको रूपमा लिई शोधकार्य अगाडि बढाइएको छ । उक्त शोध कार्यको निष्कर्षमा सहरका तुलनामा ग्रामीण क्षेत्रका विद्यार्थी कमजोर भएका, पहिलो भाषाको तुलनामा दोस्रो भाषाको रूपमा नेपाली प्रयोग गर्ने कमजोर भएका र छात्राको तुलनामा छात्र कमजोर भएको निष्कर्ष निकालिएको छ ।

बेल्वासे, अनन्तप्रसाद (२०६०), को 'कक्षा ५ मा कथा शिक्षण गर्दा प्रयोग भएका शिक्षण विधिहरूको अध्ययन' नामक शोधपत्रमा भाषा शिक्षणका प्रचलित विधिको उल्लेखका साथै कथाबाट भाषिक सीप विकासका लागि गरिने क्रियाकलापको चर्चा गरिएको छ । त्यस्तै अर्घाखाँची, काठमाडौँ र कपिलवस्तु जिल्लाका जम्मा २० वटा नमुना विद्यालयको कक्षा अवलोकन र शिक्षक प्रश्नावली फारमका आधारमा गरिएका शिक्षण विधि र क्रियाकलापको चर्चा गरिएको छ ।

भट्टराई, रामप्रसादद्वारा लिखित 'भाषिक अनुसन्धान विधि' (२०६५), नामक पुस्तकमा अनुसन्धानको परिचय, नेपालमा भाषिक अनुसन्धानको स्थिति, नेपाली भाषा शिक्षणसँग सम्वन्धित अनुसन्धान क्षेत्र, भाषिक अनुसन्धानका सामान्य र विशेष विधि, अनुसन्धानको लागि सामग्री सङ्कलन तथा निर्माण तरिका, अनुसन्धान प्रस्तावका अङ्ग, प्रतिवेदनका अङ्ग आदिका बारेमा विस्तृत रूपमा चर्चा गरिएको छ ।

डा. केदारप्रसाद शर्मा र माधव प्रसाद पौडेलद्वारा लिखित 'नेपाली भाषा र साहित्य शिक्षण' (२०६८), मा शब्दार्थ शिक्षणको आवश्यकता र महत्त्वको बारेमा चर्चा गर्दै शब्दार्थ शिक्षणका महत्त्वपूर्ण विधि भनी पर्यायवाचीकरण, अर्थीकरण, परिभाषीकरण विपरीतार्थीकरण, अनेकार्थीहरू, वस्तु प्रत्यक्षीकरण, आङ्गिक प्रदर्शन, नाटकीकरण, व्युत्पत्ति प्रयोग, व्याख्यीकरण र अभ्यासीकरण गरी ११ वटा क्रियाकलापको बारेमा चर्चा गरिएको छ । साथै शब्दभण्डार वृद्धि गर्ने उपायको बारेमा पनि चर्चा गरेका छन् ।

प्रा.डा.हेमाङ्गराज अधिकारी र प्रा.डा.केदार प्रसाद शर्माको 'प्रारम्भिक नेपाली भाषा शिक्षण' (२०५६), मा शब्दभण्डार क्षमता अभिवृद्धि गर्न शब्दार्थ शिक्षणको महत्त्वपूर्ण भूमिका बताउँदै शब्दार्थ शिक्षण गर्दा अपनाउनु पर्ने क्रम र शब्दार्थ शिक्षणका ७ वटा कार्यकलापहरूको बारेमा चर्चा गरेको पाइन्छ ।

भोजराज ढुङ्गेल र ढुर्गाप्रसाद दाहाल 'नेपाली भाषा शिक्षण' (२०६३), मा शब्दार्थ शिक्षणको परिचय, शब्दार्थको किसिम, शब्दार्थ र शब्दभण्डार शिक्षणमा अन्तर, शब्दार्थ शिक्षणको आवश्यकता तथा शब्दार्थ शिक्षणका कार्यकलापहरूको बारेमा स्पष्ट पारिएको छ ।

प्रा.डा.हेमाङ्गराज अधिकारीको 'नेपाली भाषा शिक्षण' (२०६३), मा कुनै पनि भाषाका शब्दको अर्थ, त्यस भाषाको प्रयोग, परम्परा र खास संरचनाभित्र एक अर्को शब्दको नियमित साध्यसँग सम्बन्धित रहन्छ । अतः कुनै शब्दको अर्थ जान्नु भनेको त्यसको प्रयोगगत साहचर्य वा सम्बद्धता थाहा पाउनु हो भनेका छन् । त्यसैगरी यसमा शब्दार्थ शिक्षण के हो ? शब्दार्थ शिक्षणका केही व्यावहारिक पक्ष , शब्दार्थ शिक्षणका १० वटा कार्यकलापहरूको चर्चा गरिएको छ।

पारसमणि भण्डारीले प्राथमिक तह (कक्षा १-३) का विद्यार्थीहरूको 'आधारभूत नेपाली शब्दभण्डारको निरूपण' शीर्षकमा शोधकार्य गरेका छन् । उनको यस विद्यावारिधी शोधकार्यमा निक्कै गहकिलो अध्ययन भएको पाइन्छ । प्रस्तुत अध्ययनमा विद्यार्थीहरूको आधारभूत नेपाली शब्दभण्डारको जम्मा शब्द सङ्ख्या निर्धारण गर्ने र निर्धारित आधारभूत शब्दभण्डारलाई अक्षर सङ्ख्या, पदवर्ग जस्ता विषयमा केन्द्रित भई अध्ययन गरिएको छ ।

न्यौपाने, विनोदकुमार (२०५९), ले 'कक्षा ६ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' शोधपत्रमा सरकारी र निजी विद्यालयहरूलाई नमूना विद्यालयका रूपमा छनोट गरी उक्त विद्यालयहरूमा कक्षा ६ मा कविता शिक्षण गर्ने शिक्षकहरूको कक्षा अवलोकन फारम र प्रश्नावलीको माध्यमबाट अध्ययन गर्दा सरकारी र निजी विद्यालयमा ९० प्रतिशत शिक्षकहरूले पाठयोजना बनाउने गरेको तर व्यावहारिक रूपमा यसको प्रयोग नभई पाठ्यक्रमले अपेक्षा गरेका उद्देश्यहरू पूरा गर्न नसकेको निष्कर्ष निकालेका छन् ।

बुढाथोकी,गोपाल (२०६२), ले 'कक्षा ७ मा कविता शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' शीर्षकको शोधपत्रमा कविता शिक्षणमा कुन कुन शिक्षण विधि प्रयोग गरिएका थिए भन्ने जाँच गर्नका लागि तयार बनाएका कक्षा अवलोकन फारम र प्रश्नावलीमा शिक्षण विधिहरूको उल्लेख गरिएको पाइन्छ । त्यस्तै उनले सरकारी र निजी विद्यालयमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षकहरूले गरेको शिक्षण विधिको तुलनात्मक अध्ययन गरेका छन् ।

न्यौपाने, अनिता कुमारी (२०६२), ले 'अनौपचारिक शिक्षा कार्यक्रम अन्तर्गत नेपाली भाषा शिक्षणमा अपनाइने विधिहरूको अध्ययन' नामक शोधपत्रमा शिक्षण विधिहरू पत्ता लगाउन काठमाडौं, भक्तपुर र काभ्रेपलाञ्चोक जिल्लालाई नमुनाको रूपमा छनौट गरेकी छन् । तथ्याङ्क सङ्कलनका लागि प्रश्नावली तथा अवलोकन फारम प्रयोग गरिएको उक्त शोधकार्यमा अनौपचारिक शिक्षामा प्रयोग हुन सक्ने विविध शिक्षण विधिहरूको चर्चा गरिएको छ । उक्त शोधकार्यको निष्कर्षमा विविध प्रयोग हुन सक्ने विधिहरू समेत प्रयोग नगरी शिक्षण गरिएको र प्राप्त शैक्षिक सामग्रीको प्रयोग नभएको कुरा उल्लेख गरिएको छ ।

शब्दार्थ शिक्षण विधि सम्बन्धमा यसभन्दा अगाडि खासै अध्ययन अनुसन्धान भएको पाइँदैन । शब्दार्थ शिक्षण गर्दा विद्यार्थीहरूलाई भाषाका ४ वटै सीपहरू सिकाउन सजिलो हुने हुँदा र भाषा शिक्षण गर्दा शब्दार्थ शिक्षण गरिन्छ कि गरिँदैन? यदि गरिन्छ भने के कस्ता विधिको प्रयोग गरिन्छ भनेर अध्ययन गर्नका लागि शब्दार्थ शिक्षण विधिको अध्ययन गर्नु अति आवश्यक हुन आउँछ ।

## २.३ पुनरवलोकनको उपादेयता

नेपाली भाषा राष्ट्र भाषाका साथै साझा वा सम्पर्क भाषाका रूपमा प्रयोग गरिने भएकाले यसको आफ्नै किसिमको महत्त्व रहेको छ । शिक्षण क्षेत्रमा भन्ने हो भने नेपाली भाषाले व्यापक क्षेत्र ओगटेको देखिन्छ । शब्दार्थ के हो ? भाषिक सीप विकास गराउन यसको के कस्तो भूमिका रहन्छ ? शब्दार्थ शिक्षण गर्दा के कस्ता विधिहरू अवलम्बन गर्न सकिन्छ ? यी र यस्तै प्रश्नहरूका सही जवाफका लागि खोज अनुसन्धान गर्नु नै प्रस्तुत शोधकार्यको औचित्य रहेको छ ।

शब्दार्थ शिक्षण गर्दा प्रयोग गरिने शिक्षण विधिहरूले शिक्षण कार्यमा सहजता प्रदान गरी शिक्षार्थीहरूको चौतर्फी विकासमा सहयोग पुऱ्याउनुका साथै उनीहरूको सोचाइमा व्यापकता ल्याउने भएकाले भाषा शिक्षणका सन्दर्भमा शिक्षण विधिहरूको अपरिहार्यतालाई अस्वीकार गर्न सकिँदैन । यस शोधकार्यको माध्यमबाट शब्दार्थ शिक्षण मार्फत भाषिक सीपको अभिवृद्धि हुनका साथै भाषिक कुशलता र दक्षता वृद्धि हुने अपेक्षा गरिएको छ । शब्दार्थ शिक्षण विधिहरूको उपयुक्तताको लेखाजोखा गर्नु पनि शोधकार्यको उद्देश्य रहेको छ । 'कक्षा ७ मा शब्दार्थ शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययन' शीर्षक सम्बन्धी तयार गरिने यस शोधकार्यको औचित्यता अर्थात् पुनरवलोकनको उपादेयतालाई निम्नानुसार बुँदागत रूपमा उल्लेख गर्न सकिन्छ :

क) भाषा शिक्षणका क्षेत्रमा विभिन्न समयमा विभिन्न तहको कथा, कविता, व्याकरण शिक्षण तथा शब्दार्थ शिक्षणका क्रममा अपनाइएका शिक्षण विधिहरूको जानकारी लिन सकिन्छ ।

ख) शोधपत्रको सकारात्मक पक्षको अवलम्बन र नकारात्मक पक्षको सुधारसहित नयाँ किसिमको अनुसन्धानलाई अगाडि बढाइएको छ ।

ग) शोधप्रस्ताव तयार गर्नका लागि आवश्यक ढङ्ग, ढाँचा, तौरतरिका एवम् प्रक्रियासम्बन्धी जानकारी लिइएको छ ।

घ) शब्दार्थ शिक्षणका क्रममा सैद्धान्तिक पक्षलाई व्यवहारमा कसरी उतार्न सकिन्छ ? भन्ने कुरा पत्ता लगाउन मद्दत मिल्छ ।

ङ) नेपाली भाषामा रूचि राख्नेहरूका लागि भाषिक क्षमता अभिवृद्धि गरी शिक्षण सिकाइ कार्यकलाप उपलब्धिपूर्ण बनाउन सहजता प्रदान गर्छ ।

च) शिक्षक, विद्यार्थी विशेषतः शोधार्थीहरूका लागि जानकारीको स्रोतको रूपमा शोधकार्य उपयोगी हुन्छ ।

छ) नेपाली भाषामा नयाँ नयाँ शब्दहरूको प्रयोग हुन थालेको वर्तमान परिप्रेक्ष्यमा एउटै शब्दले धेरै अर्थ बुझाउने भएकाले प्रस्तुत शोध कार्यको अपरिहार्यता रहन्छ

ज) सामुदायिक र निजी विद्यालयका शिक्षकहरूले शब्दार्थ शिक्षणका क्रममा प्रयोग गर्ने शिक्षण विधिहरूको अनुपात हेर्न सकिन्छ ।

झ) शब्दार्थ शिक्षणका क्रममा प्रयोग गर्न सकिने विधिहरूको पहिचान गर्न सकिन्छ ।

ञ) विद्यार्थीहरूको उमेर, स्तर, रूचि, आदि कुराहरूलाई मध्यनजर गरी पाठ्यक्रमको उद्देश्यलाई परिपूर्ति गर्ने किसिमले उपयुक्त शिक्षण विधि प्रयोग गरी सोही अनुरूप शिक्षण कार्यलाई अगाडि बढाउन सकिन्छ ।

ट) नेपाली भाषा शिक्षण गर्ने गराउने शिक्षक, सङ्घ, संस्थालाई पृष्ठपोषण प्रदान हुने र भावी शैक्षणिक रणनीति योजना तयार गर्न समेत सहयोग पुऱ्याउँछ ।

## २.४ सैद्धान्तिक/अवधारणात्मक ढाँचा

यस अध्ययनको अवधारणात्मक ढाँचा यसप्रकार रहेको छ।



# परिच्छेद तीन

# अध्ययनको विधि र प्रक्रिया

## ३.१ अध्ययनको ढाँचा र विधि

जुनसुकै अध्ययनलाई पनि तोकिएको गन्तव्यसम्म पुऱ्याउन निश्चित गोरेटो र तरिका आवश्यक हुन्छ । यसरी अनुसन्धेय समस्याको आवश्यक विश्लेषण गरी सार्थक निष्कर्षमा पुऱ्याउनका लागि मुख्य रूपमा अवलोकन विधिको प्रयोगका साथै सर्वेक्षण विधि, स्थलगत अध्ययनद्वारा जनसङ्ख्या तथा नमुना सामग्री निर्माण, तथ्यको सङ्कलन गरी व्याख्यात्मक तथा विश्लेषणात्मक र पुस्तकालीय विधिको प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या, नमुना र नमुना छनोट रणनीति

यस शोध कार्यको जनसङ्ख्याको रूपमा मोरङ जिल्लाको बबिया बिर्ता र सोराभाग गा.वि.स. का ३ वटा सामुदायिक र ३ वटा निजी विद्यालयका कक्षा ७ मा नेपाली अध्यापन गर्ने जम्मा ६ जना शिक्षकहरू तथा उनीहरूबाट शिक्षण गरिएका १८ वटा कक्षा अवलोकन रहेका छन् । यस अध्ययनमा मोरङ जिल्लाका बबिया बिर्ता र सोराभाग गा.वि.स. अन्तर्गतका ६ वटा विद्यालयहरू छनौट गरिएको छ।

## ३.३ अध्ययनको क्षेत्र

प्रस्तुत शोधपत्रको अध्ययनको क्षेत्र र सीमा निम्नलिखित रहेका छन् :

क) कक्षा ७ को नेपाली भाषा पाठ्यपुस्तकको कथा, कविता, जीवनी विधाका पाठहरूको शब्दहरूको मात्र अध्ययन गरिएको छ ।

ख) शब्दार्थ शिक्षण गर्दा प्रयुक्त विधिहरूको मात्र अध्ययन गरिएको छ ।

ग) प्रस्तुत अध्ययन मोरङका ३ वटा सरकारी र ३ वटा निजी गरी जम्मा ६ वटा विद्यालयमा कक्षा ७ मा नेपाली भाषा अध्यापन गर्ने जम्मा ६ जना शिक्षक कक्षा अवलोकनमा मात्र सीमित रहेको छ ।

घ) यस अध्ययनमा प्राप्त निष्कर्षहरू भाषा शिक्षकले भरेका प्रश्नावली र कक्षा अवलोकनबाट प्राप्त सुचनाहरूको तुलना र विश्लेषणमा आधारित रहेको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधन र तरिका

कक्षा ७ को नेपाली भाषा पाठ्यपुस्तकमा समावेश गरिएका शब्दहरूको शिक्षण कुन विधिबाट हुन्छ भनी जानकारी लिन लिखित तथा मौखिक अन्तर्वार्ता तथा कक्षा अवलोकनलाई मात्र तथ्याङ्क सङ्कलनका साधनहरू मानिएको छ । प्रस्तुत शोधपत्र तयार पार्नका लागि मौखिक अन्तर्वार्ताका लागि सामान्य मौखिक प्रश्नावली तयार पारिएको छ भने लिखित अन्तर्वार्ताको निम्ति शिक्षक प्रश्नावली फारमको निर्माण गरिएको छ । कक्षा अवलोकनका लागि  कक्षा अवलोकन फारमको निर्माण गरिएको छ । प्रश्नावलीमा शब्दार्थ शिक्षण गर्दा अपनाइने विधिहरूलाई प्रश्नका रूपमा राखिएको छ । यस अध्ययनको प्राथमिक स्रोत अन्तर्गत पाठ्यपुस्तकका साथै मोरङ जिल्लामा रहेका प्रतिनिधि विद्यालयहरू र ती विद्यालयमा अध्यापन गर्ने शिक्षकहरू रहेका छन् भने द्वितीय स्रोत अन्तर्गत पाठ्यपुस्तक, अप्रकाशित शोधपत्रहरू, प्रकाशित लेखहरू आदि रहेका छन् ।

## ३.५ तथ्याङ्क सङ्कलनका प्रक्रिया

तथ्याङ्क सङ्कलनका लागि बबिया बिर्ता र सोराभागका ३ वटा सामुदायिक र ३ वटा निजी गरी ६ वटा विद्यालयहरूको छनौट गरिएको छ । सम्बन्धित विद्यालय प्रशासनसँग अनुमति मागी तथ्याङ्क सङ्कलनको कार्य अगाडि बढाइएको छ । सम्भव भएसम्म विद्यालय पुगेकै दिन शब्दार्थ शिक्षण विधि सम्बन्धी मौखिक अन्तर्वार्ता सम्बन्धित  शिक्षकसँग गरिएको छ । लिखित अन्तर्वार्ताका लागि तयार पारिएका प्रश्नावली सम्बन्धित शिक्षकलाई दिई अनुकूलता अनुसार सङ्कलन गरिएको छ । अन्तर्वार्ता र प्रश्नावलीको माध्यमबाट शब्दार्थ शिक्षण गर्दा प्रयोग भएका विधिहरूको कक्षा अवलोकनका माध्यमबाट पनि तथ्याङ्क सङकलन गरिएको छ । लिखित प्रश्नावलीमा शब्दार्थ शिक्षणसँग सम्बन्धित ११ वटा शिक्षण विधिहरू संलग्न रहेका वस्तुगत प्रश्न प्रयोग गरिएको छ । शिक्षकहरूद्वारा अपनाइने विधि भए सो उल्लेख गर्नका लागि खाली ठाउँ समेत राखिएको छ । शब्दार्थ शिक्षणका धारणाहरू बुझ्न केही विषयगत खुल्ला प्रश्नहरू समेत प्रयोग  गरिएको छ । त्यस्तै कक्षा अवलोकनका लागि शब्दार्थ शिक्षणका क्रममा सिकाइएका शब्दहरू समेत उल्लेख गर्न मिल्ने फारम तयार गरी प्रयोगमा ल्याइएको छ ।

### ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण प्रक्रिया

तथ्याङ्क सङ्कलन पश्चात अवलोकन विधिका माध्यमबाट भाषा शिक्षकहरूले शब्दार्थ शिक्षण गर्ने क्रममा अपनाएका शिक्षण विधिको कक्षा अवलोकन फारम र प्रश्नावली फारम मार्फत शिक्षकले दिइएको उत्तरका आधारमा तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ। प्रश्नावली र कक्षा अवलोकन फारमबाट प्राप्त तथ्याङ्कहरूको तुलनात्मक अध्ययन विश्लेषण गरिएको छ। नमुना छनोटमा परेका ३ वटा सरकारी र ३ वटा निजी विद्यालयका भाषा शिक्षकलाई आधार मानेर विश्लेषण गरिएको छ।

## परिच्छेद : चार

## तथ्याङ्कको व्याख्या तथा विश्लेषण

### ४.१ तथ्याङ्क विश्लेषण प्रक्रिया

कुनै पनि शोधकार्यलाई प्रभावकारी बनाउनका निम्ति सो विषयसँग सम्बन्धित तथ्याङ्कहरूलाई एउटा निश्चित दिशा दिएर अगाडि बढाउनुपर्ने हुन्छ । अर्थात् कुनै न कुनै विधिको प्रयोग गरी तथ्याङ्कको व्याख्या विश्लेषण गर्नुपर्ने हुन्छ । तथ्याङ्क विश्लेषणको विभिन्न तरिकाहरू मध्ये एउटा सरल विधि 'लिकट स्केल' गर्नु हो । यहाँ सोही स्केलको प्रयोग गरी मध्यिका औसत निकालिएको छ । वास्तवमा लिकट स्केल एउटा यस्तो मान्यतामा आधारित विधि हो । जहाँ प्रत्येक धारणा अवधारणाको मान्यता नकारात्मकबाट पूर्णतया सकारात्मकसम्म क्रमशः समान अङ्कको आधारमा बढ्दै जान्छ । दिएका विकल्पहरूमा कहिल्यै, कहिलेकाहीँ, बारम्बार, प्रायजसो र सधैंले क्रमशः १ देखि ५ सम्म अङ्क लिइन्छन् । लिकटको यस लिकट स्केलको मान्यताअनुसार  कुनै पनि विकल्पको मूल्य शून्य हुन सक्दैन ।

यहाँ तथ्याङ्कको प्रयोग गर्ने क्रममा मध्यिका औसत गणना गर्दा अङ्क १,२,३,४ र ५ को प्रयोग क्रमशः कहिल्यै, कहिलेकाहीँ, प्रायजसो, बारम्बार र सधैं जस्ता विकल्पहरूको मूल्य जनाउनका लागि प्रयोग गरिएको छ । जहाँ १,२,३,४ र ५ क्रमशः २०%, ४०%, ६०% , ८०%, र १००%, लाई बुझाउँछ । जस्तै : कुनै व्यक्तिलाई तपाई विद्यालय नियमित जानुहुन्छ ? भनी प्रश्न गर्दा उसले कहिल्यै जान्न भनी उत्तर दिएमा पनि १ अङ्क प्राप्त गर्दछ । कहिलेकाहीँ जान्छु भनेमा २ अङ्क, प्रायजसो जान्छु भनेमा ३ अङ्क, बारम्बार जान्छु भनेमा ४ अङ्क र सधैं जान्छु भनी उत्तर दिएमा ५ अङ्क प्राप्त गर्दछ । यसलाई प्रतिशतमा अभिव्यक्त गर्दा उसले कहिल्यै विद्यालय जान्न भनेमा पनि ऊ २० प्रतिशतसम्म विद्यालय जान्छ भन्ने अर्थ लगाइन्छ । औसतमा सबै विद्यार्थीहरू कत्तिको विद्यालय जान्छन् भनी पत्ता लगाउन तल दिए अनुसार लिकटको सूत्र प्रयोग गर्न सकिन्छ ।

सूत्र,

$$\text{कुल मध्यिका औसत प्राप्ताङ्क} = \frac{N_1\times1+N_2\times2+N_3\times3+N_4\times4+N_5\times5}{N_1+N_2+N_3+N_4+N_5}$$

अन्य समस्याहरूको औसत निकाल्न समेत यो सूत्र उपयोगमा ल्याउन सकिन्छ । यहाँ कक्षा ७ मा शब्दार्थ शिक्षण गर्दा प्रयोग गरिएका शिक्षण विधिहरूको अध्ययनको क्रममा शोधकर्ताले यस सूत्रलाई प्रयोगमा ल्याएको छ । सङ्कलित तथ्याङ्कलाई यस सूत्रको प्रयोग गरी मध्यिका औसत प्रतिशत टेबलमा समेत देखाइएको छ ।

यस लिकट स्केल सूत्रद्वारा प्राप्त मध्यिका औसतको वस्तुनिष्ठ विश्लेषणका क्रममा यस शोधकर्ताले थप परिकल्पनाको आधार निर्माण गरको छ । जस अनुसार औसत १ देखि ५ भित्रमा २ भन्दा कम औसत अङ्क प्राप्त भएमा त्यहाँ विधिहरूको 'प्रयोग नभएका' भन्ने अर्थ लगाइन्छ । २ देखि २.५ भित्रको अङ्क आएमा ती विधिहरूको 'निर्णय गर्न नसकिएका' अर्थात 'प्रयोग हुन पनि सक्ने, नहुन पनि सक्ने' भन्ने अर्थ लगाइन्छ । २.५ भन्दा माथि प्राप्त अङ्क भएमा उल्लिखित विधिहरू 'प्रयोग भएका' भन्ने अर्थ लगाइन्छ ।

यसलाई ग्राफमा हेर्दा :-




शोधकार्य पूरा गर्ने क्रममा शोधकर्ताले कक्षा अवलोकन फारमबाट सङ्कलित तथ्याङ्क तथा शिक्षकबाट प्राप्त प्रश्नोत्तरको तथ्याङ्कलाई छुट्टाछुट्टै सङ्कलन गरी विश्लेषण गरिएको छ । यसभन्दा बढ्ता यसभित्र रहेर सामुदायिक र निजी विद्यालयको कक्षा अवलोकनलाई समेत प्रस्तुत गरिएको छ । यसै गरी अन्त्यमा सबै (अवलोकन र प्रश्नोत्तर) स्रोतबाट सङ्कलित तथ्याङ्कलाई एकै ठाउँमा समावेश गरी पूर्ण तथ्याङ्कको विश्लेषण गरिएको छ ।

## ४.२ कक्षा अवलोकनका क्रममा प्राप्त नतिजा

कक्षा अवलोकनका क्रममा व्यवहारमा प्रचलित रहेका तल उल्लिखित एघार (११) ओटा विधिहरूको दैनिक शब्दार्थ शिक्षणका क्रममा कत्तिको प्रयोग गरिएको छ? कुन-कुन विधिको प्रयोगको अवस्था कस्तो छ? भन्ने कुराको परीक्षणमा अन्य कुनै नयाँ नौलो शिक्षण विधिहरूको समेत प्रयोग हुन्छन् कि भनी पत्ता लगाउन अन्य साना कोठाहरूको समेत प्रयोग गरिएको छ । यी विधिहरूको प्रयोग पत्ता लगाउन रूजु सूची समेतको प्रयोग गरी औसत मध्यिका निकालिएको छ ।

कक्षा अवलोकन फारम अनुसार आएको तथ्याङ्क यस प्रकार छन् :

तालिका सङ्ख्या- १

कक्षा अवलोकन फारम

| रूजु सूची विधिहरू | कहिल्यै | कहिले काहीँ | प्रायजसो | बारम्बार | सधैँ | औसत प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १) पर्यायवाचीकरण | | ४ | ११ | ३ | | २.९४ | |
| २) आर्थीकरण | | | ३ | १ | १४ | ४.६१ | |
| ३) परिभाषीकरण | | ६ | ८ | १ | ३ | ३.०५ | |
| ४) विपरीतार्थीकरण | | ८ | ३ | ६ | १ | ३ | |
| ५) अनेकार्थीकरण | | १७ | | १ | | २.११ | |
| ६) समावेशीकरण | | १५ | ३ | | | २.१६ | |
| ७) वस्तु प्रत्यक्षीकरण | ४ | १३ | १ | | | १.८३ | |
| ८. नाटकीकरण | | ११ | ६ | १ | | २.४४ | |
| ९) व्युत्पत्तीकरण | | १० | ६ | १ | १ | २.६१ | |
| १०) प्रयोग व्याख्यीकरण | | १३ | | ३ | २ | २.६६ | |
| ११) प्रयोग अभ्यासीकरण | | १३ | ४ | | १ | २.३८ | |

स्रोत : कक्षा अवलोकन-२०७३

कक्षा अवलोकनका क्रममा तीन वटा निजी तथा तीन वटा सामुदायिक विद्यालय गरी जम्मा ६ ओटा विद्यालयका तीन-तीन वटा शब्दार्थ शिक्षणका कक्षाहरू अवलोकन गरी जम्मा १८

वटा कक्षा अवलोकन फारम भर्दै त्यसको नतिजा यस प्रकार निकालिएको हो र त्यसलाई माथि तालिकामा प्रस्तुत गर्ने कार्य गरिएको छ ।

प्राप्त तथ्याङ्कमा शब्दार्थ शिक्षणका क्रममा औसत मध्यिका निकाल्दा सबभन्दा बढी ४.६१ आर्थीकरण  विधिको प्रयोग भएको पाइयो भने दोस्रोमा परिभाषीकरण विधिको प्रयोग ३.०५ पाइयो । त्यस्तै तेस्रोमा विपरीतार्थीकरण विधिको प्रयोग ३ भएको पाइयो भने त्यसपछि क्रमशः पर्यायवाचीकरण विधि २.९४, प्रयोग व्याख्यीकरण  विधि २.६६, व्युत्पत्तीकरण विधि २.६१, आङ्गिक विधि २.४४, प्रयोग  अभ्यासीकरण विधि २.३८, समावेशीकरण विधि २.१६, अनेकार्थीकरण विधि २.११, र वस्तु प्रत्यक्षीकरण विधिको प्रयोग १.८३ भएको पाइयो ।

## ४.२.१ कक्षा अवलोकनमा प्रयोग भएका विधिहरू

कक्षा अवलोकनमा प्रयोग भएका विधिहरूको विवरण तल तालिकामा प्रस्तुत गरिएको छ :-

तालिका सङ्ख्या- २

अवलोकनमा प्रयोग भएका विधिहरू

| क्र.स. | विधिहरू | औसत प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | आर्थीकरण | ४.६१ | |
| २ | परिभाषीकरण | ३.०५ | |
| ३ | विपरीतार्थीकरण | ३ | |
| ४ | पर्यायवाचीकरण | २.९४ | |
| ५ | प्रयोग व्याख्यीकरण | २.६६ | |
| ६ | व्युत्पत्तीकरण | २.६१ | |

माथिको तालिकालाई व्याख्या तथा विश्लेषण गर्दा कक्षा अवलोकनका क्रममा आर्थीकरण, परिभाषीकरण, विपरीतार्थीकरण, पर्यायवाचीकरण, प्रयोग व्याख्यीकरण र व्युत्पत्तीकरण विधिको प्रयोग भएको पाइयो भने आर्थीकरण विधिको प्रयोग ४.६१ सबैभन्दा बढी भएको पाइयो भने परिभाषीकरण विधिको प्रयोग ३.०५ अलिकम, विपरीतार्थीकरण विधिको प्रयोग ३ अलिकम, पर्यायवाचीकरण विधिको प्रायेग २.९४ अझ अलिकम, प्रयोग व्याख्यीकरण विधिको

प्रयोग २.६६ अझ अलिकम र व्युत्पत्तीकरण विधिको २.६ प्रयोग  यी माथि उल्लेखित विधिको तुलनामा अझ कम पाइयो ।

## ४.२.२ निर्णय गर्न नसकिएका विधिहरू

कक्षा अवलोकनका क्रममा निर्णय गर्न नसकिएका विधिहरूलाई तल तालिकामा देखाइएको छ ।

तालिका  सङ्ख्या- ३

अवलोकनमा निर्णय गर्न नसकिएका विधिहरू

| क.सं. | विधि | औसत प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | आङ्गिक प्रदर्शन | २.४४ | |
| २ | प्रयोग अभ्यासीकरण | २.३८ | |
| ३ | समावेशीकरण | २.१६ | |
| ४ | अनेकार्थीकरण | २.११ | |

माथिको तालिकालाई व्याख्या तथा विश्लेषण  गर्दा कक्षा अवलोकनका क्रममा निर्णय गर्न नसकिएका विधिहरूको रूपमा आङ्गिक प्रदर्शन विधि २.४४, प्रयोग अभ्यासीकरण विधि २.३८, समावेशीकरण विधि २.१६ र अनेकार्थीकरण विधिको औसत २.११ रहेको छ । औसत २ देखि २.५ सम्म भएका विधिलाई निर्णय गर्न नसकिएका विधिका रूपमा लिइएको छ ।

## ४.२.३ प्रयोग नभएका विधिहरू

कक्षा अवलोकनका क्रममा कक्षामा शब्दार्थ शिक्षणको क्रममा प्रयोग नभएका विधिहरूलाई तल तालिकामा उल्लेख गरिएको छ :

तालिका सङ्ख्या-४

अवलोकनमा प्रयोग नभएका विधिहरू

| क.सं. | विधि | औसत प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | वस्तु प्रत्यक्षीकरण | १.८३ | |

माथिको तालिकालाई व्याख्या तथा विश्लेषण गर्दा कक्षा अवलोकनका क्रममा प्रयोग नभएको विधिको रूपमा वस्तु प्रत्यक्षीकरण विधिको मात्र उल्लेख भएको पाइन्छ । जसको औसत १.८३ रहेको छ । औसत २ भन्दा कम भएका विधिलाई प्रयोग नगरिने विधिको रूपमा लिइएको छ ।

## ४.३ सामुदायिक विद्यालयमा प्रयोग गरिएका शब्दार्थ शिक्षण विधि

मोरङ जिल्लाका सोराभाग र बबियाबिर्ता गा.वि.स. का तीन सामुदायिक विद्यालयमा कक्षा ७ मा शब्दार्थ शिक्षण गर्दा पाइएको शिक्षण विधिहरूको चर्चा तल दिइएको छ :

तालिका सङ्ख्या-५

सामुदायिक विद्यालयमा कक्षा अवलोकन फारम

| रूजु सूची विधिहरू | कहिल्यै | कहिले काहीँ | प्रायजसो | बारम्बार | सधैं | औसत प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १) पर्यायवाचीकरण | | १ | ५ | ३ | | ३.२२ | |
| २) आर्थीकरण | | | | १ | ८ | ४.८८ | |
| ३) परिभाषीकरण | | ३ | ५ | १ | | २.७७ | |
| ४) विपरीतार्थीकरण | | ३ | २ | ३ | १ | ३.२२ | |
| ५) अनेकार्थीकरण | | ९ | | | | २ | |
| ६) समावेशीकरण | | ७ | २ | | | २.२२ | |
| ७) वस्तु प्रत्यक्षीकरण | २ | ७ | | | | १.७७ | |
| ८. नाटकीकरण | | ३ | ६ | | | २.६६ | |
| ९) व्युत्पत्तीकरण | | ६ | २ | १ | | २.४४ | |
| १०) प्रयोग व्याख्यीकरण | | ४ | २ | १ | २ | ३.११ | |
| ११) प्रयोग अभ्यासीकरण | | ४ | ४ | | १ | २.७७ | |

स्रोत : सामुदायिक विद्यालयको कक्षा अवलोकन

तीन वटा सामुदायिक विद्यालयमा जम्मा ९ वटा कक्षा अवलोकन गर्दा सबैभन्दा बढी आर्थीकरण विधिको प्रयोग भएको पाइयो । जसमा सबैभन्दा बढी सधैंमा ८ जना रहेको पाइयो भने यसको औसत ४.८८ रहेको पाइयो । त्यस्तै पर्यायवाचीकरण विधि र

विपरीतार्थीकरण विधिको प्रयोग समान रूपमा रहेको कुरा यसको औसतबाट देखाउन सकिन्छ । यी दुबैको औसत ३.२२ रहेका छन् भने प्रयोग व्याख्यीकरण विधिको औसत ३.११ रहेको छ भने परिभाषीकरण विधि र प्रयोग अभ्यासीकरण विधिको प्रयोग प्रायः सामुदायिक विद्यालयमा समान रूपमा रहेको पाइयो । जसको औसत २.७७ रहेको छ । त्यसैगरी नाटकीकरण २.६६, व्युत्पत्तीकरण विधि २.४४, समावेशीकरण २.२२ र वस्तु प्रत्यक्षीकरण विधिको १.७७, प्रयोग सबैभन्दा कम गरिएको पाइयो ।

## ४.३.१ कक्षा अवलोकनमा प्रयोग भएका विधिहरू

सामुदायिक विद्यालयमा कक्षा अवलोकनका क्रममा प्राप्त भएका विधिहरूको विवरण यस तालिकामा प्रस्तुत गरिएको छ :

तालिका सङ्ख्या-६

प्रयोग भएका विधिहरू

| क.सं. | विधि | औसत प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | आर्थीकरण | ४.८८ | |
| २ | पर्यायवाचीकरण | ३.२२ | |
| ३ | विपरीतार्थीकरण | ३.२२ | |
| ४ | प्रयोग व्याख्यीकरण | ३.११ | |
| ५ | परिभाषीकरण | २.७७ | |
| ६ | प्रयोग अभ्यासीकरण | २.७७ | |
| ७ | व्युत्पत्तीकरण | २.६६ | |

माथिको तालिकालाई हेर्दा सामुदायिक विद्यालयमा सबैभन्दा बढी आर्थीकरण विधिको प्रयोग गरी शब्दार्थ शिक्षण गरिएको पाइयो भने पर्यायवाचीकरण र विपरीतार्थीकरण विधिको प्रयोग समान रूपमा गरिएको छ । जसमा आर्थीकरण विधिको औसत मान ४.८८ रहेको छ भने पर्यायवाचीकरण र विपरीतार्थीकरण विधिको औसत ३.२२ रहेको छ । त्यसैगरी प्रयोग व्याख्यीकरण विधि ३.११, परिभाषीकरण र प्रयोग अभ्यासीकरण विधिको प्रयोग समान रूपमा छ भने नाटकीकरण विधिको औसत मान २.६६ रहेको छ । यसबाट के प्रस्ट हुन्छ

भने सामुदायिक विद्यालयमा शब्दार्थ शिक्षणमा यी सात विधिको प्रयोग गरिन्छ । औसत मान २.५ भन्दा माथि भएकालाई यस स्केलमा प्रयोग हुने विधिको रूपमा लिइन्छ ।

### ४.३.२ कक्षा अवलोकनमा निर्णय गर्न नसकिएका विधिहरू

सामुदायिक विद्यालयमा कक्षा अवलोकनबाट प्राप्त नतिजाको विश्लेषण गरी मध्यिका निकाल्दा निर्णय गर्न नसकिएको विधिलाई तल तालिकामा देखाइएको छ :

तालिका सङ्ख्या-७

निर्णय गर्न नसकिएका विधिहरू

| क्र.स. | विधिहरू | औसत प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | व्युत्पत्तीकरण | २.४४ | |
| २ | समावेशीकरण | २.२२ | |
| ३ | अनेकार्थीकरण | २ | |

माथिको तालिकालाई हेर्दा सामुदायिक विद्यालयमा व्युत्पत्तीकरण विधि समावेशीकरण विधि र अनेकार्थीकरण विधि निर्णय गर्न नसकिएका विधिका रूपमा रहेको पाइयो । जसको औसत मान क्रमशः २.४४, २.२२ र २ रहेको छ ।

### ४.३.३ कक्षा अवलोकनमा प्रयोग नभएका विधिहरू

सामुदायिक विद्यालयमा कक्षा अवलोकनबाट प्राप्त परिणामको व्याख्या विश्लेषण गरी निम्न विधिको शब्दार्थ शिक्षणका क्रममा प्रयोग नभएको पाइयो ।

तालिका सङ्ख्या-८

प्रयोग नभएका विधिहरू

| क्र.सं. | विधि | औसत प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | वस्तु प्रत्यक्षीकरण | १.७७ | |

माथिको तालिकालाई हेर्दा सामुदायिक विद्यालयमा वस्तु प्रत्यक्षीकरण विधि मात्र प्रयोग नगरिएको विधिको रूपमा रहेको पाइयो । जसको औसत १.७७ रहेको छ ।

## ४.४ शब्दार्थ शिक्षणमा निजी विद्यालयको अवस्था

यो शोध कार्यको उद्देश्य मोरङ जिल्लाको सोराभाग र बबियाबिर्ता गा.वि.स. अन्तर्गतका ६ वटा विद्यालयमा तीन निजी र तीन सामुदायिक विद्यालय छनोट गरी तुलनात्मक अध्ययन गर्ने रहेको हुँदा शब्दार्थ शिक्षणमा निजी विद्यालयको अवस्था कस्तो छ ? भन्ने कुराको लागि निजी र सामुदायिक विद्यालयको शब्दार्थ शिक्षणका विधिहरूमा तुलनात्मक अध्ययन गरिएको हो । जसमा निजी विद्यालयको नतिजा तल तालिकामा प्रस्तुत गरिएको छ :-

तालिका सङ्ख्या ९

निजी विद्यालयमा कक्षा अवलोकन फारम

| रूजु सूची/ विधिहरू | कहिल्यै | कहिलेकाहीँ | प्रायजसो | बारम्बार | सधैं | औसत प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १) पर्यायवाचीकरण | | ३ | ६ | | | २.६६ | |
| २) आर्थीकरण | | | ३ | | ६ | ४.३३ | |
| ३) परिभाषीकरण | | ३ | ३ | | ३ | ३.३३ | |
| ४) विपरीतार्थीकरण | | ५ | १ | ३ | | २.७७ | |
| ५) अनेकार्थीकरण | | ८ | | १ | | २.२२ | |
| ६) समावेशीकरण | | ८ | १ | | | २.११ | |
| ७) वस्तु प्रत्यक्षीकरण | २ | ६ | १ | | | १.८८ | |
| ८. नाटकीकरण | | ९ | | | | २ | |
| ९) व्युत्पत्तीकरण | | ४ | ४ | | १ | २.७७ | |
| १०) प्रयोग व्याख्यीकरण | | २ | ५ | २ | | २.५ | |
| ११) प्रयोग अभ्यासीकरण | | ७ | | २ | | २.४ | |

स्रोत : निजी विद्यालयको कक्षा अवलोकन

माथिको तालिकालाई हेर्दा निजी विद्यालयमा शब्दार्थ शिक्षण गर्दा सबैभन्दा बढी आर्थीकरण विधिको प्रयोग गरिएको पाइयो । जसमा ६ जनाले सधैं र ३ जनाले प्रायजसो यो विधिको प्रयोग गरेको पाइयो भने यसको औसत ४.३३ रहेको छ । त्यसपछि परिभाषीकरण विधिको प्रयोग बढी गरिएको पाइयो जसको औसत ३.३३ रहेको छ । त्यसै गरी विपरीतार्थीकरण र

व्युत्पत्तीकण विधिको समान प्रयोग औसतमा २.७७ रहेको पाइन्छ। त्यसैगरी पर्यायवाचीकरण विधिको प्रयोग औसतमा २.६६ रहेको पाइयो भने प्रयोग व्याख्यीकरण २.५, प्रयोग अभ्यासीकरण २.४, अनेकार्थीकरण २.२२, समावेशीकरण २.११ र नाटकीकरण विधिको औसत २ रहेको अर्थात अनिर्णायक अवस्थामा रहेको पाइयो भने वस्तु प्रत्यक्षीकरण विधिको प्रयोग निकै कम रहेको पाइयो। जसको औसत मान १.८८ रहेको छ। यसरी हेर्दा निजी विद्यालयहरूमा आर्थीकरण, परिभाषीकरण, विपरीतार्थीकरण, व्युत्पत्तीकरण र पर्यायवाचीकरण विधिको मात्र प्रयोग भएको देखिन्छ।

## ४.४.१ कक्षा अवलोकनमा प्रयोग भएका विधिहरू

निजी विद्यालयमा कक्षा ७ मा शब्दार्थ शिक्षण गर्दा निम्न विधिहरूको प्रयोग भएको पाइयो :

तालिका सङ्ख्या-१०

निजी विद्यालय कक्षा अवलोकनमा प्रयोग भएका विधिहरू

| क्र.स. | विधिहरू | औसत प्रतिशत | कैफियत |
|---|---|---|---|
| १ | आर्थीकरण | ४.३३ | |
